# प्रभाव दैनिक
National Daily



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्न हुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेशन प्रा.लि.
सिफल-७, काठमाडौं
०१-४३७३५७७/९७६१८१५४०००/
९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com




लुम्बिनीमा एमालेको प्रदेश अधिवेशन

# ओलीको आदेश 'टेकओभर', टीके प्रथा अस्वीकृत




■ प्रभाव संवाददाता

**काठमाडौं–** शनिबार लुम्बिनी प्रदेश कमिटीको पहिलो अधिवेशन उद्घाटन गर्न बुटवल पुगेका थिए नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली । अधिवेशन सम्पन्न गरी भोलिपल्ट फर्कने तयारीमा थिए ओली । सर्वसम्मत एक जनालाई नेतृत्वमा चयन गरेर टीका लगाएर काठमाडौं फर्कने ओलीको चाहना थियो ।

तर आकांक्षी पाल्पाका राधाकृष्ण कँडेल र प्युठानका हरिप्रसाद रिजाल टस न मस बने । प्रदेशसचिव दाङका लक्ष्मण आचार्य पनि अध्यक्षको आकांक्षी थिए । मनाउन नसकेपछि भरसक चुनाव नगर्न निर्देशन दिँदै राजधानी उडे ओली ।

लुम्बिनीमा सर्वसम्मत गरी अन्य प्रदेशलाई पनि नमूनाको रूपमा देखाउन ढाडससमेत ओलीले दिएका थिए । तर लुम्बिनीमा उपाध्यक्ष विष्णु पौडेल र रिजाल महासचिव शंकर पोखरेलको 'टसल' साम्य पार्न ओलीलाई हम्मे भयो । काठमाडौं उड्नुअघि ओलीले भनेका थिए, 'एउटा पद नहुँदैमा केही बिग्रिने छैन, म नभए पनि विष्णुजी नभए पनि सबै अधिकार इञ्चार्ज पद्मा अर्यालजीलाई दिएको छु, यहाँको सबै आधिकारिक निर्णय उहाँले सुनाउनुहुन्छ, नमाने चुनावमा जाने अधिकार सबै प्रतिनिधिलाई छ ।

मेरो अन्तिम निष्कर्ष चुनावमा भरसक नजानुस् । लुम्बिनीले नमूना देखाउँछ भनेर पहिलो नम्बरमा राखेका हौं,' यति भनेर ओली काठमाडौं उडे । नेतृत्व चयनको जिम्मा सचिव अर्याललाई दिँदै ओलीले उनलाई भनेका थिए 'फैसला दिनुपर्‍यो भने दृढतापूर्वक दिनूस्, मनाउनूस् ।'

ओली काठमाडौं फर्केको दुई दिनपछि एमाले लुम्बिनीको नेतृत्व चुन्न चुनावमै जाने निष्कर्षमा पुग्यो । ओलीको आदेश 'टेकओभर' भयो र बुधबार चुनाव भयो ।

(बाँकी पृष्ठ ३ मा)

> ओली एकजनालाई सर्वसम्मत अध्यक्ष बनाउन चाहन्थे तर नसकेपछि भरसक चुनाव नगर्न आदेश दिएर काठमाडौं फर्के

> ओली काठमाडौं फर्केपछि प्रदेश कमिटीले उनको आदेश 'टेकओभर' गरे र नेतृत्व चुन्न चुनावमै जाने निष्कर्ष निकाल्यो

> चुनावी परिणाम उपाध्यक्ष विष्णु पौडेलको पोल्टामा पर्‍यो, उनी निकट राधाकृष्ण कँडेल प्रदेश कमिटीको अध्यक्षमा निर्वाचित

# घरिघरि नेतामाथि आक्रमण

- कांग्रेस सहमहामन्त्री महेन्द्र यादवमाथि भृकुटीमण्डपमा धारिलो हतियार प्रहार
- प्रधानमन्त्री पुष्पकमल दाहाल, पूर्वप्रधानमन्त्री झलनाथ खनाल, राप्रपा प्रमुख सचेतक ज्ञानेन्द्र शाहीलगायत नेताहरूमाथि पटक-पटक सार्वजनिकस्थलमा आक्रमण



बुधबार भृकुटीमण्डपमा आक्रमणमा परेका कांग्रेस सहमहामन्त्री महेन्द्र यादव । *तस्बिरः न्युज एजेन्सी नेपाल*



> कार्यक्रम सकेर बाहिर निस्कँदै थियौं । एक जना आएर महेन्द्रजीलाई खुकुरीले हाने । म अलिक पछि थिएँ । दुईचोटी खुकुरीले हाने ।
>
> **डा. धवलशम्शेर राणा**
> महामन्त्री, राप्रपा



> उहाँ (महेन्द्र यादव)लाई ज्यान मार्ने मनसायबाट धारिलो हतियार प्रहार भएको देखिएको छ । घटनालगत्तै आक्रमणकारीलाई नियन्त्रणमा लिएका छौं । अहिले घाइतेको अवस्था सामान्य छ ।
>
> **कुबेर कडायत**
> केन्द्रीय प्रहरी प्रवक्ता, नेपाल प्रहरी

■ जेबी योञ्जन

**काठमाडौं–** नेपाली कांग्रेसका सहमहामन्त्री महेन्द्र यादवमाथि बुधबार धारिलो हतियार प्रहार भएपछि सार्वजनिकस्थलमा नेताहरूको सुरक्षाबारे फेरि प्रश्न उठेको छ । यसअघि पनि सार्वजनिकस्थलमा नेताहरूमाथि आक्रमणका घटना थुप्रै भएका थिए । आक्रमणकारीले धारिलो हतियार नै चाहिँ प्रहार गरेका थिएनन् । जुत्ता र कुर्सी प्रहार गरेका थिए । केही नेतालाई थप्पड हानेका थिए ।

बुधबार भने कांग्रेस सहमहामन्त्री यादवको टाउकोमा धारिलो हतियार प्रहार भयो । घाइते उनको अहिले ट्रमा सेन्टरमा उपचार भइरहेको छ । नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता कुबेर कडायतका अनुसार घाइते यादवको अवस्था खतरामुक्त छ ।

'उहाँ (महेन्द्र यादव)लाई ज्यान मार्ने मनसायबाट धारिलो हतियार प्रहार भएको देखिएको छ । घटनालगत्तै आक्रमणकारीलाई नियन्त्रणमा लिएका छौं,' प्रवक्ता कडायतले प्रभावसँग भने, 'अहिले घाइतेको अवस्था सामान्य छ ।'

यादवमाथि भएको सांघातिक आक्रमण गरेको आरोपमा श्यामबाबु सापकोटा पक्राउ परेका छन् । उनी राजावादी अभियन्ता भनेर चिनिन्छन् ।

(बाँकी पृष्ठ ३ मा)

## आक्रमणकारीलाई के होला ?

कांग्रेस सहमहामन्त्री महेन्द्र यादवमाथि धारिलो हतियार प्रहार गरेको आरोपमा पक्राउ परेका श्यामबाबु सापकोटाविरुद्ध काठमाडौं प्रहरीले कर्तव्य ज्यान उद्योगमा अनुसन्धान थालेको छ । धारिलो हतियार प्रहार गरेको घटनामा कर्तव्य ज्यान उद्योग आकर्षित हुने काठमाडौं प्रहरी प्रमुख भूपेन्द्र खत्रीले बताएका छन् ।

यादवको दल नेपाली कांग्रेसले आक्रमणकारी सापकोटालाई घटनाको निन्दा र भर्त्सना गरेको छ । पार्टी केन्द्रीय कार्यालयका मुख्यसचिव कृष्णप्रसाद पौडेलले विज्ञप्ति जारी गर्दै भनेका छन्, '...सहमहामन्त्री महेन्द्र यादवमाथि भएको सांघातिक हमलालाई नेपाली कांग्रेसले गम्भीरतापूर्वक लिएको छ । यो घटनाको नेपाली कांग्रेस घोर निन्दा र भर्त्सना गर्दछ ।'

विज्ञप्तिमा घटनामा संलग्नलाई कारबाहीकोसमेत माग गरिएको छ । कांग्रेसको दुईवटा भ्रातृ संगठन नेपाल विद्यार्थी संघ र नेपाल तरुण दलले नेता यादवमाथिको आक्रमणमा संलग्नलाई कानुनी कारबाहीको माग गरेका छन् । दुवै संगठनले गृहमन्त्री नारायणकाजी श्रेष्ठको राजीनमा समेत मागेका छन् । घाइते यादवको स्वास्थ्य स्थितिबारे जानकारी लिन सभापति शेरबहादुर देउवा बुधबार दिउँसै ट्रमा सेन्टर गएका थिए । घटनाप्रति उनले दुःख व्यक्त गरेका छन् ।

सन्दर्भ : वैदेशिक रोजगार

# विदेश जाने श्रमिकलाई विनाधितो ऋणको तयारी

■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारले वैदेशिक रोजगारीमा जान चाहने नेपाली श्रमिकलाई बैंकमार्फत ऋण दिने व्यवस्था गर्ने तयारी गरेको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले वैदेशिक रोजगारीमा जान चाहने श्रमिकलाई आर्थिक अभावका कारण चर्को ब्याजमा व्यक्तिसँग ऋण लिनु नपरोस् भन्ने उद्देश्यले ऋण दिने व्यवस्था गर्न लागेको हो ।

मन्त्रालयको योजनाअनुसार वैदेशिक रोजगार विभागले रोजगारीका लागि विदेश जाने श्रमिकलाई ऋण दिने व्यवस्था मिलाउन गृहकार्य गरिरहेको जानकारी दिएको छ । आर्थिक अभावमा रहेका वैदेशिक रोजगारीमा जानेले गाउँघरमा व्यक्तिसँग चर्को ब्याजदरमा ऋण निकाल्ने गरेका कारण जटिल समस्या देखिएको भन्दै विदेशमा मजदुरी गर्न जाने श्रमिकको सहजीकरणका लागि ऋण दिने व्यवस्था गर्न लागिएको विभागका महानिर्देशक मदन दाहालले बताए । 'वैदेशिक रोजगारीमा जाँदा लाग्ने खर्चको यकीन गरी श्रमिकलाई बैंकमार्फत ऋण दिइनेछ,' उनले भने, 'यसरी दिने ऋण श्रमिकको खातामा नभई म्यानपावर कम्पनीको खातामा जाने व्यवस्था मिलाइनेछ, जसका कारण आर्थिक पारदर्शिता र ठगिने सम्भावना न्यून हुन्छ ।'

अहिले मिटरब्याजको समस्याले वैदेशिक रोजगारीमा जानेहरू प्रताडित भएको उल्लेख गर्दै महानिर्देशक दाहालले गाउँघरबाट महँगो ब्याजदरमा ऋण निकाल्ने र विदेशमा गरेको कमाइ ऋण तिर्दैमा ठिक्क हुने अवस्था रहेको बताए । 'त्यस्तो अवस्थाको अन्त्य गर्न सरकारले ऋण उपलब्ध गराउने व्यवस्था गर्न लागेको हो,' उनले भने । वैदेशिक रोजगारीमा जाने श्रमिकहरूलाई सकेसम्म विनाधितो ऋण उपलब्ध गराउने प्रबन्ध मिलाउन प्रयास भइरहेको महानिर्देशक दाहालले बताए । यसका लागि ग्लोबल आइएमई बैंक, सिटिजन्स बैंकलगायत तोकिएको खण्डमा सरल ब्याजदरमा श्रमिकले ऋण पाउने उनले बताए । श्रमिकलाई दिने ऋणमा विना धितो उपलब्ध गराउने विषयमा छलफल भइरहेको भन्दै दाहालले धितोको रूपमा उनीहरूले गर्ने बिमा वा सरकार नै जमानी बस्न सक्ने बताए ।

'धितो राख्दा समेत बैंकहरूले ऋण नपत्याउने अवस्थामा नेपाल सरकार नै जमानी बस्ने भएपछि समस्या हल भइहाल्छ,' उनले भने, 'लोनमा हुनसक्ने समस्याका लागि बिमा हुन्छ, त्यसमा सरकार जमानी बस्छ, बिमा भए धितोसमेत राख्नु नपर्ने विषयमा बैंकहरू सकारात्मक छन् ।' श्रमिकहरूलाई चर्को आर्थिक भार नपर्ने गरी ऋणको प्रबन्ध मिलाएको खण्डमा म्यानपावर व्यवसायीसमेत ट्र्याकमा आउने दाहालले बताए । उनका अनुसार व्यवसायीहरूले श्रमिकसँग लिँदै आएको चर्को शुल्कको समस्यासमेत समाधान हुने सरकारले विश्वास लिएको छ । यसका लागि चाँडै नतिजा आउने गरी काम भइरहेको महानिर्देशक दाहालले बताए ।

अन्य केही बैंकसँग छलफल चलिरहेको उनले जानकारी दिए । बैंकबाट विनाधितो ऋण उपलब्ध गराउन सके श्रमिकले भोग्दै आएको महँगो ब्याजदरको समस्या हटेर जानुका साथै हुण्डी कारोबार बन्द भएर औपचारिक माध्यमबाट रेमिटचान्स भित्रिने दाहालको भनाइ छ । यसबाट चर्को ब्याजदर र हुण्डीको समस्या समाधान हुनेमा आफू विश्वस्त रहेको दाहालले बताए ।

ग्लोबल आइएमई बैंकले वैदेशिक रोजगार ऋण समेत दिन थालेको बताउँदै यसलाई राष्ट्र बैंकलेसमेत प्राथमिकताको क्षेत्र



> वैदेशिक रोजगारीमा जाँदा लाग्ने खर्चको यकीन गरी श्रमिकलाई बैंकमार्फत ऋण दिइनेछ । यसरी दिने ऋण श्रमिकको खातामा नभई म्यानपावर कम्पनीको खातामा जाने व्यवस्था मिलाइनेछ, जसका कारण आर्थिक पारदर्शिता र ठगिने सम्भावना न्यून हुन्छ ।
>
> **मदन दाहाल**
> महानिर्देशक, विभाग

## दुई नेपाली युवा मलेसिया प्रहरीको हिरासतमा

**काठमाडौं (प्रस)–** रोजगारीका लागि मलेसिया पुगेका दुई जना नेपाली युवा त्यहाँको प्रहरी हिरासतमा रहेको बताइएको छ । मलेसियाको तमन मेलावती क्षेत्रमा रहेको एक पसलको झ्याल फुटाइदिएको आरोपमा प्रहरीले ती युवालाई पक्राउ गरी हिरासतमा राखेको हो ।

स्थानीय सञ्चारमाध्यम द स्टारका अनुसार सिसिटिभी फुटेज जाँच गर्दा दुई युवाले झ्यालको सिसा मुक्का हानेर फुटाएपछि भागेको देखिएको छ । मदिरा सेवन गरी मातेका दुई नेपाली युवाले मुक्का हानेर पसलको सिसा फोडेर भागेको पाइएपछि उनीहरूलाई हिरासतमा लिइएको मलेसियाको प्रहरीले जनाएको उल्लेख गरिएको छ ।

सञ्चारमाध्यमले घटनामा संलग्न २१ र २२ वर्षका दुई नेपाली युवालाई पक्राउ गरी प्रहरीले हिरासतमा राखेको उल्लेख गरे पनि उनीहरूको नेपालको ठेगाना र परिचय खुलाइएको छैन । प्रहरी हिरासतमा रहेका उनीहरू दुवै जना त्यही क्षेत्रको एक सपिङ मलमा सहायक कामदारको रूपमा काम गर्ने रहेको पाइएको बताइएको छ ।


जनहितमा जारी सन्देश

**आँखा पाक्ने रोग अर्थात् भाइरल कन्जंक्टिभाइटिस लागेमा के गर्ने ?**

**भाइरल कन्जंक्टिभाइटिस रोग घरमै स्याहार गरे १ देखि २ हप्तामा आफैं निको हुन्छ ।**

**घरमा स्याहार गर्दा ध्यान दिनु पर्ने कुराहरु**

- बरफले आँखा सेक्दा आँखा बन्द गरेर वा सफा रुमालमा राखेर सेक्ने ।
- बाहिर घाममा जाँदा कालो चस्मा प्रयोग गर्ने ।
- आँखा नमिच्ने र आँखामा पानी नछ्याप्ने।
- संक्रमित व्यक्तिले प्रयोग गरेका रुमाल, टावेल, सिरानी, तन्ना आदि हरेक दिन धुने वा सफा गर्ने ।
- आँखा छोइसकेपछि साबुन पानीले मिचिमिचि राम्रोसँग हात धुने ।
- प्रशस्त मात्रामा पानी र पोषिलो खाना खाने ।
- संक्रमित व्यक्तिले प्रयोग गरेको सामान अन्य व्यक्तिलाई प्रयोग गर्न नदिने ।

**स्वास्थ्यकर्मीको सल्लाह बिना जथाभावी औषधी प्रयोग नगरौं । दृष्टि कम हुने लगायतका आँखा सम्बन्धी समस्या बढेमा उपचारको लागि तुरुन्त स्वास्थ्यसंस्था जाऔं ।**

प्रभाव दैनिक National Daily | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा-७, सिफल, काठमाडौं



**कृष्ण मन्दिरमा भक्तजनको घुइँचो** | कृष्ण जन्माष्टमीको अवरसमा पाटन दरबार परिसरमा रहेको कृष्ण मन्दिर दर्शन एवं पूजाआज गर्न बुधबार भक्तजनको घुइँचो । *तस्बिरः चन्द्रकला क्षेत्री/रासस*

# कृष्ण जन्माष्टमीमा फुटाइयो 'मड्का'

**काठमाडौं (प्रस)–** श्रीकृष्ण जन्माष्टमीको अवसर पारेर काठमाडौंको सामाखुशीमा 'मड्का फुटाउने'प्रतियोगिता आयोजना गरिएको छ । सामाखुशी युवा क्लबको आयोजनामा हरेक वर्षभ्रैँ यस वर्ष पनि जन्माष्टमीको अवसरमा बुधबार काठमाडौं महानगरपालिका-२६ कपुरधारास्थित चिल्ड्रेन पार्कमा प्रतियोगिता आयोजना गरिएको हो ।

वि.सं. २०५६ देखि हरेक वर्ष मनाउँदै आइएको उक्त प्रतियोगितामा निलो रिबन लगाउने टोली प्रथम भएको क्लबका अध्यक्ष दीपेन्द्र केसीले जानकारी दिए । उनका अनुसार प्रतियोगितामा रातो र निलो रिबन लगाउने दुई समूहको सहभागिता थियो ।

'पार्क नजिकै सडकको माथि डोरीमा माटोको मड्कामा दही राखेर भ्रुण्डयाइने र प्रतियोगीले उक्त मड्का फुटाउने चलन रहँदै आएको छ,' केसीले भने । उनका अनुसार मड्का निकै माथि डोरोमा



भ्रुण्डयाइने भएकाले मानिसमाथि मानिस चढेर फुटाउने गरिन्छ । यस वर्ष ११ पटकको प्रयासपछि उक्त मड्का फुटाइएको हो । प्रतियोगिताका विजेता टोलीले २० हजार रूपैयाँ पुरस्कार प्राप्त गरेका छन् । उक्त रकम क्लबका अध्यक्ष केसीले प्रथम विजेता टोलीलाई हस्तान्तरण गरे ।

बुधबार नै साना बालबालिकाका लागि घैँटो फुटाइ कार्यक्रमसमेत चिल्ड्रेन पार्कमै आयोजना गरिएको थियो । घैँटो फुटाइ कार्यक्रममा विजेता बालबालिकालाई जनही एक हजार रूपैयाँ प्रदान गरिएको आयोजकले जनाएको छ ।

# रातो मच्छिन्द्रनाथ पुनर्निर्माणको काम अझै अपूरो

**ललितपुर–** वर्षा र सहकालका रूपमा प्रख्यात रातो मच्छिन्द्रनाथ मन्दिरको पुनर्निर्माण कार्य सुरु भएको छ वर्ष बितिसक्दा सम्पन्न भएको छैन । ललितपुर उपमहानगरपालिका-२२ बागमतीमा रहेको ऐतिहासिक रातो मच्छिन्द्रनाथको मन्दिरलाई वि.सं. २०७२ को भूकम्पले ढालेको थियो ।

मच्छिन्द्रनाथ मन्दिरसँगै रहेका मनकामना माई मन्दिर र भैरवनाथ मन्दिर पुनर्निर्माण भइसकेका छन् । तर, ऐतिहासिक र प्रख्यात रातो मच्छिन्द्रनाथको मन्दिर भूकम्पले क्षति पुऱ्याएको आठ वर्ष बितिसक्दा पनि पुनर्निर्माण पूरा भएको छैन ।

श्रीलंकन दूतावासको सहयोगमा राष्ट्रिय पुनर्निर्माण विभागले वि.सं. २०७४ मा मन्दिर पुनर्निर्माणको काम प्रेरा भेगिम तुल्सी जेभी निर्माण कम्पनीले दुई वर्षमा मन्दिर पुनर्निर्माण सक्ने गरी ठेक्का दिएको मच्छिन्द्रनाथ पुजारी संघका अध्यक्ष यज्ञरत्न शाक्य बताउँछन् । उनले भने, 'मन्दिरको काम सुरु भएर मन्दिर एकतलासम्म निर्माण भएको थियो । मन्दिर निर्माण गर्दा प्राविधिक त्रुटि देखिएपछि फेरि भत्काएर सुरुदेखि निर्माण गर्नुपऱ्यो ।'

**मन्दिरको पुनर्निर्माण कार्यको जिम्मा लिएको कम्पनीले बीचमै काम छोडेपछि वि.सं. २०७६ पुस १४ गते श्री रातो मच्छिद्रनाथ मन्दिर पुनर्निर्माण उपभोक्ता समितिले जिम्मा लिएको थियो । सम्झौताअनुसार उपभोक्ता समितिले वि.सं. २०८० जेठ ३० गते काम सम्पन्न गर्नुपर्ने हो तर मन्दिर निर्माणको काम अझै अस्तव्यस्त छ ।**

मन्दिरको पुनर्निर्माण कार्यको जिम्मा लिएको कम्पनीले बीचमै काम छोडेपछि वि.सं. २०७६ पुस १४ गते श्री रातो मच्छिद्रनाथ मन्दिर पुनर्निर्माण उपभोक्ता समितिले जिम्मा लिएको थियो । सम्झौताअनुसार उपभोक्ता समितिले वि.सं. २०८० जेठ ३० गते काम सम्पन्न गर्नुपर्ने गर्ने सम्झौता भएको छ । सम्झौता मितिमा काम सकिनुपर्ने तर हाल मन्दिर निर्माणको कामसमेत रोकिएको छ । मन्दिर निर्माणका लागि प्रयोग गरिएको दाजी ईँटाको अभाव भएको मच्छिन्द्रनाथ पुजारी संघका अध्यक्ष यज्ञरत्न शाक्य बताउँछन् ।

सहकालका देवताका रूपमा हो तर मन्दिर निर्माणको काम अझै अस्तव्यस्त छ ।

रातो मच्छिन्द्रनाथ मन्दिरको पुनर्निर्माण तथा संरक्षण कार्यको बाँकी काम पूरा गर्ने उद्देश्यले तीन करोड आठ लाख आठ हजार रूपैयाँ लागतमा मन्दिर निर्माण मच्छिन्द्रनाथ रथ जात्रालाई उपत्यकाकै पृथक र ऐतिहासिक महत्त्व बोकेको जात्राका रूपमा लिइन्छ । मच्छिन्द्रनाथ मन्दिर पाटन र बुंगमतिमा एक-एक वटा रहेको छ । मच्छिन्द्रनाथ पुजारी संघका अध्यक्ष यज्ञरत्न शाक्यका अनुसार यो मन्दिर अत्यन्तै पुरानो मन्दिर हो । उनले भने, 'मन्दिर स्थापनाबारे कुनै शिलाखेल नभएको र हामीले सुनेअनुसार यो मन्दिर १४ सय वर्ष पहिले बनेको रहेछ । धेरै पुरानो तर बीचमा मर्मतसम्भार नभएकाले भूकम्पमा भत्किएको हो ।'

बुंगमतीको रातो मच्छिन्द्रनाथ मन्दिरबाट १२ वर्षमा एकपटक रातो मच्छिन्द्रनाथको रथ तयार गरी पाटनमा घुमाएर पुनःरथलाई बुंगमतीमै पुऱ्याउने प्रचलन छ । पुजारी संघका अध्यक्ष यज्ञरत्न शाक्य भने, 'वि.सं. २०८४ मा १२ वर्ष पुग्ने भएकाले मन्दिर पनि त्यही समयमा निर्माण हुन्छ जस्तो छ । काम गर्नेले निरन्तर काम गर्नुपर्ने हो तर गरिरहेका छैनन् ।' *रासस*

# भदौ २५ देखि फेरि 'बुस्टर डोज' अभियान

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** जिल्ला स्वास्थ्य कार्यालय, काठमाडौंले कोरोना भाइरसविरुद्धको खोप अभियान पुनः सञ्चालन गर्ने भएको छ । स्वास्थ्य कार्यालय सूचना अधिकारी अञ्जना खड्काले कोरोना भाइरसविरुद्धको बुस्टर डोज धेरै मानिसहरूले लगाउन छुटेकाले पुनः अभियान सञ्चालन गर्न थालिएको जानकारी दिइन् ।

कार्यालयले स्थानीय तहसँगको छलफलपछि खोप अभियान सञ्चालन गर्न लागिएको हो । उनका अनुसार अभियान यही भदौ २५ देखि ३० गतेसम्म सञ्चालन हुनेछ । यसअघि 'बुस्टर डोज' लगाउन छुटेकाले लगाउन बाँकी रहेकाले यही भदौ ५ देखि भदौ ११ गतेसम्म सञ्चालन गरिएको थियो ।

कार्यालयकी खोप फोकल पर्सन तुलसी सुवेदीका अनुसार अहिले पनि अभियानका क्रममा खोप लगाउन छुटेका १२ वर्षदेखि माथिका सबैलाई पहिलो, दोस्रो मात्राको साथै पहिलो बुस्टर डोज र दोस्रो बुस्टर डोज लगाइनेछ । उनले दोस्रो बुस्टर लगाउने संख्या कम भएकाले पनि अभियान सञ्चालन गर्नुपरेको बताइन् ।

बुस्टर डोज लगाउन छुट भएकालाई खोप लगाउन आग्रह गरिएको छ । कार्यालयले प्राथमिक स्वास्थ्य केन्द्र र स्वास्थ्य संस्थाहरू, सामुदायिक विद्यालय, नगर अस्पतालहरू र सरकारी तथा गैरसकारी अस्पतालमा खोप लगाइनेछ ।

यसअघि नियमित रूपमा कार्यालयले वीर अस्पताल, त्रिवि शिक्षण अस्पताल, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, सशस्त्र प्रहरी अस्पताल, नेपाल प्रहरी अस्पताललगायतका अस्पतालबाट खोप उपलब्ध गराउँदै आएको थियो । अहिले कोरोना भाइरसको संक्रमण ह्वात्तै घटेको छ । हिजो भदौ १७ गते १२८ जनामा गरिएकामा परीक्षणमा संक्रमित संख्या शून्य रहेको थियो ।

# सात दिन मनाइने गाईजात्रा सम्पन्न


भक्तपुर (प्रस)- भक्तपुरमा गत भदौ १४ गतेदेखि भक्तपुरमा सुरु भएको गाईजात्रा पर्व बुधबारदेखि सम्पन्न भएको छ । जनैपूर्णिमाका दिन तलेजुको पूजा गरी साँझ गाई निकालेपछि सुरु भएको भक्तपुरको गाईजात्रा पर्व बुधबार तलेजुको पूजा गरेपछि सम्पन्न भएको तलेजुका मूल नाइके नरेन्द्रप्रसाद जोशीले जानकारी दिए ।

जनैपूर्णिमाको भोलिपल्ट गाईजात्राका दिन दिवंगत व्यक्तिको सम्झनामा गाईजात्रा निकाल्ने भए पनि अन्य दिनमा भने घिन्ताङघिसी नाच र व्यंग्य प्रस्तुत गर्दै सात दिनसम्म गाईजात्रा मनाउने गरिन्छ । गाईजात्रादेखि आजसम्म प्रत्येक दिन अपराह्न भक्तपुरमा घिन्ताङघिसी नाचसँगै हनुमान नाच, माक प्याख नाच, जंगली नाच, व्यंग्यात्मक कार्टुन, प्लेकार्ड, प्रदर्शन गर्दै टोलटोल घुमाइएको थियो ।

त्यसैगरी बुधबार नै भैरव मन्दिरमा नेवारी धोती हाकुपटासी लगाएर लामबद्ध सयौं महिलाले टोलटोल घुमेर नारायणलाई बत्तीसमेत दिएका छन् । श्रीकृष्ण जन्माष्टमीसमेत रहेकाले नारायणको पूजा गरी नारायण बत्ती बालेर बुधबार भक्तपुरका बालबालिका एवं युवाले टाउँको, हात र शरीरमा पालाको बत्ती बालेर सूर्यमढीदेखि दत्तात्रय, सुकुलढोका, टौमढी, वंशगोपाल, इनाचो दरबार क्षेत्र हुँदै पुनः सूर्यमढी परिक्रमा गराएका थिए ।

बुधबार टोलटोलबाट निकालिएका विभिन्न नाच नगर परिक्रमा गराई साँझ तलेजुको जात्रा गरेपछि विधिवत्रुपमा गाइजात्रा सम्पन्न भएको मानिने जोशीले बताए ।

## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

भदौ २१ गते २०८०, बुधबार

| | |
|---|---|
| **मेष** | आयस्रोत राम्रो हुने आवश्यक साधन जुट्ने छ । |
| **वृष** | अवसर प्रप्त भएपनि विवादास्पद जिम्मेवारी बहन । |
| **मिथुन** | व्यवसयामा लाग्नेहरूलाई विषेश पाइदा हुनेछ । |
| **कर्कट** | अस्वस्थ शरीर लिएर काममा जुट्नुपर्ने । |
| **सिंह** | धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ । |
| **कन्या** | स्वास्थ्यमा गडबडी दैनिक कामकाजमा असर पर्नसक्छ |
| **तुला** | आदर्श ब्यक्तिको सहकार्यले नयाँ अनुभव मिल्नेछ । |
| **वृश्चिक** | स्वास्थ्यमा गडबडी दैनिक कामकाजमा असर पर्नसक्छ |
| **धनु** | स्वास्थ्यमा गडबडी दैनिक कामकाजमा असर पर्नसक्छ |
| **मकर** | पार्टी पिकनिक तथा सेमिनारमा सहभागी भइएला । |
| **कुम्भ** | काम बन्नुका साथै दिन लाभदायक हुनेछ । |
| **मीन** | खर्च लागेपनि दिगो काम गर्न सिकनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालय/शववाहन सेवा (काठमाडौं) | ४२५५५४०/४२५५५४१ |
| भक्तपुर रेडक्रस एम्बुलेन्स/रक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

भदौ २१ गते, २०८०, ८ सेक्टेम्बर, २०२३

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३२.०५ | १३२.६५ |
| युरो | १ को | १४३.२१ | १४३.८६ |
| पाउन्ड स्टिर्लङ | १ को | १६७.३९ | १६८.१५ |
| स्विस फ्रेन्क | १ को | १४९.६५ | १५०.३३ |
| अस्ट्रेलियन डलर | १ को | ८५.५७ | ८५.९६ |
| क्यानाडियन डलर | १ को | ९७.८१ | ९८.२६ |
| सिंगापुर डलर | १ को | ९७.८० | ९८.२४ |
| जापानी येन | १० को | ९.०८ | ९.१२ |
| चिनियाँ युआन | १ को | १८.१९ | १८.२७ |
| साउदी अरब रियाल | १ को | ३५.२१ | ३५.३७ |
| कतारी रियाल | १ को | ३६.२२ | ३६.३९ |
| थाई भाट | १ को | ३.७७ | ३.७९ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३५.९५ | ३६.११ |
| मलेसियन रिङेट | १ को | २८.४१ | २८.५४ |
| दक्षिण कोरियन वन | १०० को | १०.०२ | १०.०६ |
| स्विडिस क्रोनर | १ को | १२.०४ | १२.१० |
| डेनिस क्रोनर | १ को | १९.२२ | १९.३० |
| हङकङ डलर | १ को | १६.८३ | १६.९१ |
| कुवेती दिनार | १ को | ४२८.४१ | ४३०.३५ |
| बहराइन दिनार | १ को | ३५०.२८ | ३५१ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# परोपकार प्रसूति अस्पतालमा 'अनलाइन टिकट'



**काठमाडौं–** स्वास्थ्य तथा जनसंख्यामन्त्री मोहनबहादुर बस्नेतले परोपकार प्रसूति तथा स्त्रीरोग अस्पतालको कुपण्डोलस्थित नवनिर्मित भवनबाट छिटो सेवा सञ्चालन गर्न मन्त्रालय प्रतिबद्ध रहेको जानकारी दिएका छन् । अस्पतालको ६४औं वार्षिकोत्सवका अवसरमा बुधबार यहाँ आयोजित कार्यक्रमलाई 'भर्चुअल' माध्यमबाट सम्बोधन गर्दै उनले प्रसूति अस्पतालको दीर्घकालीन योजना र जनशक्तिलाई पुनःसंरचना गरिने बताए ।

उनले अस्पतालको सेवालाई प्रविधिमैत्री बनाउनु आवश्यक रहेकामा जोड दिए । 'बिरामीको चापलाई मध्यनजर गर्दै थप एक-एक औषधि पसल, अनलाइन टिकेटिङ र क्यूआरकोडमार्फत भुक्तानी र १० शयचा एनआइसियूलाई २० शयचा बनाउने तत्परताले थप गुणस्तर बढ्ने विश्वास छ,' उनले भने ।

राष्ट्रिय योजना आयोगका सदस्य प्रा.डा. आरपी बिच्छाले आगामी १६औं योजनामा स्वास्थ्य संस्थामा जनशक्ति व्यवस्थापनका लागि पहल भएको बताए । '१६औं योजनाबाट प्रत्यक्ष लाभ स्वास्थ्य संस्थाले नै लिने हो,' उनले भने, 'योजनामा स्वास्थ्य जनशक्ति व्यवस्थापनबारे राम्ररी व्यवस्था गर्ने तयारी छ ।'

मन्त्रालयकी सचिव देवकुमारी गुरागाईंले प्रसूति अस्पतालले मातृ मृत्युदरलाई न्यूनीकरण गर्न महत्वपूर्ण भूमिका खेलेको बताइन् । उनले अस्पतालमा जनशक्ति व्यवस्थापनका लागि मन्त्रालयले पहल गरिरहेको जानकारी दिइन् ।

अस्पतालका निर्देशक डा. श्रीप्रसाद अधिकारीले विशिष्टीकृत सेवा विस्तारका लागि स्रोत साधन तथा जनशक्ति व्यवस्थापन गर्न मन्त्रालयसँग आग्रह गरे 'अस्थायी शयचाको व्यवस्था गरेर जस्तोसुकै परिस्थितिमा पनि अन्यत्र रिफर नगरी उपचार सेवा उपलब्ध गराइहेका छौं,' उनले भनिन्, 'विशष्टीकृत सेवा विस्तार गर्न मन्त्रालयसँग आवश्यक सहयोगका लागि पहल गरिरहेका छौं ।' वि.सं. २०१६ मा स्थापनामा ४० शयचाबाट यस अस्पतालले पछिल्लो समय ४८९ शयचामार्फत उपचार सेवा उपलब्ध गराइरहेको छ । आर्थिक वर्ष २०७९/८० मा ३४ हजार १८५ जना महिला भर्ना भएकोमा प्रसूतितर्फ २६ हजार ९४७ तथा स्त्रीरोगतर्फ पाँच हजार ४६ जनाले उपचार सेवा लिएका छन ।

त्यसैगरी नवजात शिशु सघन उपचारतर्फ दुई हजार १९२ र मातृ सघन उपचारतर्फ ४८३ भर्ना भएका थिए भने बहिरंग सेवातर्फ एक लाख ८० हजार ८९० जनाले सेवा लिएको निर्देशक डा. अधिकारीले जानकारी दिए । प्रसूतितर्फ भर्ना भएका २६ हजार ९४७ मध्ये २४ हजार ६७२ गर्भवतीको प्रसूति भएको थियो । यसबाट २४ हजार ९१५ जना नवजात शिशुको जन्म भएको थियो । यसमा नौ हजार ८२१ जनाको शल्यक्रियाबाट प्रसूति भएको थियो ।

'आइभिएफ' सेवा लिनेको संख्या ३८ जना र निःसन्तानसम्बन्धी बहिरंग सेवा लिने आठ हजार ३०९ रहेका छन् । यस्तै, २५४ जना महिलाले आइयुआई. सेवा र २७ जना निःसन्तान सेवाग्राहीले आइभिएफ सेवा लिएका छन् । लैंगिक हिंसाबाट पीडित महिलाको लागि अस्पतालमा आधारित लैंगिक हिंसासम्बन्धी एकद्वार संकट व्यवस्थापन केन्द्र (ओसिएमसी)बाट गत आवमा ४०३ जना विभिन्न लैंगिक तथा यौन हिंसाबाट पीडित महिलाले सेवा लिएको अस्पतालले जानकारी दिएको छ ।

अस्पतालबाट पाठेघर मुखको क्यान्सरको स्क्रिनिङ र उपचारका सेवा विस्तार र किशोरीहरूलाई एचपिभी खोपको व्यवस्था गर्ने योजना बनाएको छ । सो अवसरमा अस्पतालद्वारा बहिरंग सेवातर्फ 'अनलाइन टिकेटिङ' सुरुआत गरिएको थियो । *रासस*

## ओलीको...

पृष्ठ १ बाट जारी

### पोखरेल-पौडेल लडाइँमा पौडेल हाबी

पहिलो अधिवेशनबाट प्रदेशको नेतृत्वमा लिन उपाध्यक्ष विष्णु पौडेल समूहबाट कँडेल र महासचिव शंकर पोखरेल समूहबाट केन्द्रीय सदस्य रिजालले अधिवेशन अगाडिबाटै प्रचार थालेका थिए । चुनावमा दुई मत अन्तरले अध्यक्षमा पौडेल पक्षका कँडेल निर्वाचित भए । बुटवलको अन्तर्राष्ट्रिय सभाहलमा बुधबार बिहान सम्पन्न मतगणनाको परिणामअनुसार अध्यक्षका प्रत्यासी हरिप्रसाद रिजाललाई दुई मत मतले पराजित गर्दै कँडेल निर्वाचित भएका हुन् ।

एमाले लुम्बिनीको प्रथम अधिवेशनबाट अध्यक्षसहित २०५ जनाको कमिटी निर्वाचित भएको हो । निर्वाचितमध्ये सचिवसहित १०६ जना निर्विरोध र अध्यक्ष, उपाध्यक्ष र दुई उपसचिवसहित बाँकी पदमा निर्वाचनका माध्यमबाट चुनिएका छन् ।

विजयी कँडेलले ४७९ मत प्राप्त गरे भने प्रत्यासी रिजालले ४७७ मत प्राप्त गरेको निर्वाचन समितिले सार्वजनिक गरेको छ । निर्वाचित अध्यक्ष कँडेल एक वर्षअघि तदर्थ समितिको अध्यक्षको रूपमा चयन भएका थिए । रिजाल एमाले केन्द्रीय सदस्य हुन् । कँडेल उपाध्यक्ष विष्णु पौडेल र रिजाल महासचिव शंकर पोखरेल निकट । एमालेमा प्रतिस्पर्धा निषेध भएको आरोप लागिरहेका बेला प्यानल नै बनाएर प्रतिस्पर्धा हुनु राम्रो अभ्यासको सुरुवात भएको विश्लेषकहरू बताउँछन् ।

### अरु को-को निर्वाचित ?

उपाध्यक्षमा कँडेल समूहकै उम्मेदवार रूपन्देहीका भोजप्रसाद श्रेष्ठले ४५५ मत प्राप्त गरी निर्वाचित भएका छन् । उनका प्रतिद्वन्द्वी रूपन्देहीकै विश्वराज बराल (अनुप) ले ३०६ मत प्राप्त गरे । सचिवमा कँडेलपक्षकै दाङका लक्ष्मण आचार्य यसअघि नै निर्वाचित भएका थिए ।

उपसचिवमा पुरुषतर्फ रिजाल समूहका रोल्पाका पूर्ण बुढामगरले ४१८ मतसहित विजयी हुँदा कँडेल प्यानलका बाँकेका दुर्गाप्रसाद थारुले ३९३ मत प्राप्त गरेको निर्वाचन समितिले जनाएको छ ।

त्यस्तै उपसचिव महिलातर्फ कँडेल प्यानलका बर्दियाका लिला रानामगर एक मतले निर्वाचित भइन् । उनले तीन सय ५१ मत प्राप्त गरी निर्वाचित हुँदा बाँकेकी वसन्ती अधिकारीले तीन सय ५१ मत प्राप्त गरिन् ।

यस्तै लेखा समिति अध्यक्षमा दामोदर घिमिरे विजयी भएका छन् । एक हजार चार सय मतदाता रहेको चुनावमा नौ सय ६५ मत खसेको थियो । ३९ जना प्रतिनिधि मतदानमा उपस्थित भएनन् । यस्तै प्रदेश खुला सदस्यतर्फ रूपन्देहीका वासुदेव घिमिरे सबैभन्दा बढी तीन सय ७६ मत प्राप्त गरी विजयी भए ।

यसैगरी अर्जुन केसी तीन सय ३३, कृष्णप्रसाद खनाल तीन सय ३४, जलिल मिया तीन सय ५७, डिआर घिमिरे तीन सय ४०, नारायणप्रसाद भुसाल दुई सय ८३, प्रकाश जिसी तीन सय २५, बाबुराम भट्टराई दुई सय ५३, मधुकृष्ण पन्त दुई सय ८५, सुष्मा खनाल दुई सय ९९ मत ल्याएर विजयी भएको निर्वाचन समितिका प्रमुख निर्वाचन अधिकृत हरि भण्डारीले जनाए ।

अधिवेशनमा प्रदेशका १२ जिल्ला र जनसंगठनबाट समेत गरी १ हजार ४ जना प्रतिनिधि चयन भएर बुटवल आइपुगेका थिए । जसमा ३० प्रतिशत महिला, दलित १५ प्रतिशत र युवाबाट २० प्रतिशत प्रतिनिधि छनोट गरिएको थियो । यस अघि प्रदेश कमिटि ६०१ सदस्यीय थियो । अब भने २०५ मा झरेको छ ।

## घरिघरि ...

पृष्ठ १ बाट जारी

रिपोर्टर्स क्लबमा आयोजित साक्षात्कार कार्यक्रममा उनले सहमहामन्त्री यादवको भाषण पनि सुनेका थिए । कार्यक्रम सकिएर बाहिरिँदै गर्दा नुवाकोटको विदुर-८ घर भएका सापकोटाले यादवलाई आक्रमण गरेको प्रत्यक्षदर्शीसमेत रहेका राप्रपा महामन्त्री डा. धवलशमशेर राणाले बताए ।

'सरकारको काम, सुन तस्करी, चिनियाँ राजदूतले बोलेको विषयदेखि समसामयिक विषयमा अन्तरक्रिया थियो एक बजे,' राणाले भने, 'कार्यक्रम सकेर बाहिर निस्किँदै थियौं । एक जना आएर महेन्द्रजीलाई खुकुरीले हाने । म अलिक पछि थिएँ । दुईचोटी खुकुरीले हाने ।'

यादवमाथि भएको आक्रमणको कारण भने खुल्न बाँकी छ । यसबारे काठमाडौं प्रहरी परिसर टेकुले अनुसन्धान गरिरहेको छ प्रवक्ता कडायतले बताए ।

यादवझैं सार्वजनिकस्थलमै आक्रमणमा पर्नेमा पर्छन्- प्रधानमन्त्री पुष्पकमल दाहाल पनि । उनीमाथि १८ फागुन २०७६ मा राष्ट्रिय सभागृहमा आयोजित एक कार्यक्रममा जुत्ता प्रहार भएको थियो । उनलाई जुत्ता प्रहार गर्ने जुम्लाका तत्कालीन नेकपा समर्थित रतन तिरुवा थिए । त्यसबेला उनले देश बर्बादीमा लगेको भन्दै दाहालमाथि आक्रोशस्वरूप जुत्ता प्रहार गरेको बताएका थिए ।

दाहालमाथि त्यसअघि पनि आक्रमणको प्रयास भएको थियो । १ चैत २०७२ मा संविधानसभा सदस्यको हैसियतमा तत्कालीन जिल्ला विकास समिति सिरहाको २३औं जिल्ला परिषद् उद्घाटन गर्ने क्रममा कार्यक्रमस्थलमै कुर्सी प्रहारको प्रयास भएको थियो । ठूलो संख्यामा रहेका सुरक्षाकर्मीहरूले घेरा हालेर दाहाललाई त्यसबेला जोगाएका थिए । उनी त्यसबेला सिरहा-५ का सभासद थिए ।

गत १८ जेठमा पूर्वप्रधानमन्त्रीसमेत रहेका नेकपा एकीकृत समाजवादीका सम्मानित नेता झलनाथ खनालमाथि अनामनगरमा आक्रमणको प्रयास भएको थियो । उनलाई आक्रमणबाट जोगाउन सुरक्षाकर्मीलाई हम्मेहम्मे परेको थियो । त्यसबेला एक जना युवकले मञ्च कब्जा गरेर पूर्वराजा ज्ञानेन्द्रको पक्षमा नारावाजी गरेका थिए । खनाललाई एमाले अध्यक्ष रहेकै बेला ६ माघ २०६७ मा सुनसरीको भरौल-१ का देवीप्रसाद रेग्मीले सार्वजनिकस्थलमै गालामा चड्कन हानेका थिए । आमालाई ठूला नेतालाई चड्कन हान्ने मन भएको भन्दा आमाले नपत्याएपछि त्यसको छ महिनामै खनाललाई चड्कन हानेको उनले पत्रकारहरूसँग बताएका थिए ।

सार्वजनिकस्थलमा आक्रमणमा पर्ने नेतामध्येमै पर्छन्, हाल राप्रपाका प्रमुख सचेतक रहेका ज्ञानेन्द्र शाही । उनलाई ७ वैशाख २०७९ मा गृहजिल्ला जुम्लामा आयोजित एक कार्यक्रममा दर्शकदीर्घाबाट मोबाइल प्रहार भएको थियो । त्यसअघि २८ जेठ २०७८ को राति सुर्खेतको करेखोलामा कुटपिट नै भएको थियो ।

नेपाल प्रहरीका पूर्वप्रहरी अतिरिक्त महानिरीक्षक (एआइजी) वसन्तकुमार लामा नेताहरूमाथि आक्रमण हुनुको अनेक कारण हुने बताउँछन् । कसैले व्यवस्था मन नपराएको र व्यवस्थाविरुद्धको आक्रोश स्वरूप नेताहरूमाथि आक्रमण गर्ने गरेको उनको ठम्याइ छ । कसैले भने भ्रष्टाचार नियन्त्रण नहुनु, देशमा बेरोजगार समस्या बढ्दै जानु, महँगीले जनताको ढाड सेकिनुदेखि अव्यवस्थाजन्य गतिविधि सहन नसकेर आक्रमण गर्ने लामाले बताए ।

'आक्रमण त्यसै हुने होइन । आक्रमणको पछि केही न केही असन्तुष्टि हुन्छ,' उनी भन्छन्, 'अहिले त देशमा भ्रष्टाचार व्याप्त छ । तस्करी, ठगी, महंगीजस्ता समस्या छन् । कसैलाई अहिलेको व्यवस्था ठीक लागेको छैन । यसप्रतिको कुण्ठा नेताहरूमाथि कहिलेकाहीँ पोखिन्छ ।'

देशमा राजनीतिक व्यवस्था अदलबदल पटक-पटक भयो । तर, देशको समृद्धि र विकासजस्ता जनचाहना सम्बोधन हुन सकेको छैन । जसकारण नेताहरूप्रति जनता आक्रोशित रहेको मत राजनीतिक विश्लेषकहरूको छ ।


## १६ औं बार्षिक साधारण सभामा उपस्थित हुने बारे सूचना

**शेयर सदस्य महानुभावहरू,**

यही मिति २०८०/४/५ गते बसेको सञ्चालक समितिको निर्णय अनुसार यस संस्थाको १६ औं वार्षिक साधारणसभा निम्न मिति, समय स्थानमा तपसिलका विषयहरू उपर छलफल गरी निर्णय गर्नु पर्ने भएकोले सम्पूर्ण शेयर सदस्यहरूको उपस्थितीको लागि हार्दिक अनुरोध गर्दछौं ।

**छलफलका विषयहरू :**

१) संचालक समितिको तर्फबाट अध्यक्ष श्री लव कुमार बस्नेतद्वारा प्रस्तुत आ.व.०७९/०८० को वार्षिक प्रतिवेदन पारित गर्ने ।
२) संस्थाको तर्फबाट संस्थाका प्रबन्ध निर्देशक श्री सुशिला शर्मा मरहट्टाबाट प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।
३) लेखा परीक्षकको प्रतिवेदन सहित आर्थिक वर्ष ०७९/०८० को वासलात र नाफा नोक्सान उपर छलफल गरी पारित गर्न ।
४) कोषाध्यक्षबाट आ.व.०८०/०८१ को लेखा कार्यक्रम तथा अनुमानित बजेट पारित गर्ने ।
५) आ.व.०८०/०८१ को लागि लेखापरीक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने ।
६) लाभासं वितरण संम्बन्धमा ।
७) विनियम संशोधन ।
८) साधारण सभाको निर्णय पुस्तिकामा दस्तखत गर्न शेयर सदस्य र सञ्चालकको तर्फबाट ११/१२ जना प्रतिनिधि नियुक्त गर्ने ।
९) विविध ।

**सभा हुने मिति, समय र स्थान**
**मिति** : २०८०/६/११ गते, विहिवार
**समय** : विहान ११:०० बजे
**स्थान** : नार्गाजुन ईभेन्ट एण्ड मेनेजमेन्ट पार्टि प्यालेस, बसन्तनगर का म न पा बडा न १६
**फोन** : ०१४०२७१०६, ९८५१०५३४६२, ९८५११९०३९९

**लव कुमार बस्नेत**
अध्यक्ष

**मनमैजु समाज कल्याण बहुउद्देश्यीय सहकारी संस्था लि.**
तारकेश्वर न.पा.-१०, लोकतान्त्रिक चोके, मनमैज, काठमाडौं



## बार्षिक साधारण सभा बस्ने सूचना

प्रथम पटक प्रकाशित मिति : २०८०/०५/२१

ईङ्गवा गोर्खा इन्भेष्टमेन्ट कम्पनी लि.ल.पु.न.पा वडा नं.१४ ललितपुरमा मिति २०८० भाद्र १५ गते बसेको कार्य समितिको बैठक निर्णय अनुसार यस संस्थाको बार्षिक साधारण सभा निम्न लिखित स्थान,मिति र समयमा निम्न बिषयहरुमा छलफल एवंम् पारित गर्न बस्ने भएकोले सम्पुर्ण सदस्य तथा कार्यकारी प्रमुख ज्यू जानकारीको लागि यो सूचना प्रकाशित गरिएको हुदाँ यसै सूचनालाई आधारमानी सभामा उपस्थित भई दिनुहुन हार्दिक अनुरोध गरिन्छ।

स्थान : ईङ्गवा गोर्खा इन्भेष्टमेन्ट कम्पनी लि
ललितपुर महानगरपालिका वडा नं.-१४,ललितपुर
मिति :२०८० असोज १५ गते (सोमवार)
समय :१२ बजे दिनको



## UAEमा वैदेशिक रोजगारको अवसर

कम्पनी : S K SOLUTIONS FACILITY SERVICES L.L.C.
शहर : UAE

पूर्व स्वीकृति मिति : २०७९/०४/२९ चलानी नं. ६०१८५२७५ LT. No. 269507 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्युनतम योग्यता | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | waiter | 0 | 2 | सम्बन्धित काममा दक्ष | 1200 | ४३४२७ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | छ | २ बर्ष |
| 2 | SECURITY | 22 | 10 | | 1600 | ५७९०३ | | | | | | | |
| 3 | SECRETARY | 2 | 0 | | 1500 | ५४२८४ | | | | | | | |
| 4 | Cleaners | 1 | 0 | | 800 | २८९५१ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० भाद्र २८ र २९ गते (14 & 15th Sep. 2023) मा हुनेछ

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

RCC RAJ GROUP OF COMPANIES
**Raj Group Of Company Pvt.Ltd.**
श्रम ईजाजत नं.१२४५/०७३/०७४
Basundhara-3, Kathmandu, Nepal Tel : 0977-01-4386500
Email : info@rajgroupnepal.com URL: www.rajgroupnepal.com



## सच्याइएको

यस प्रभाव दैनिकको वर्ष १० अंक १३६ भदौ २० गते २०८० मा प्रकाशित **Recent Job Placement Pvt. Ltd** को Lot No. 290372 को **Raed Ali Al-Andas General Contracting Est** कम्पनीको विज्ञापनमा **अन्तरवार्ता मितिः** २०८०/०५/२७ **(13th Sep, 2023)** हुनुपर्नेमा अन्यथा सच्याइएको जानकारी गराइन्छ ।

RECENT JOB PLACEMENT PVT. LTD
Tokha Municipality-05, Basundhara-8, Kathmandu Tel: +977-1-439046, 4355536
Email: recentjobplacement@gmail.com.np, Website: www.recentjobplacement.com



## स्काई ओभरसीस सर्भिसेस प्रा.लि.

यस प्रा.लि. बाट मलेसिया देशको विभिन्न कम्पनीमा जाने कामदारहरू अन्तरवार्ता दिंदा र उडान भर्दा काठमाडौंमा बस्नुपर्ने भएकोले का.म.न.पा. ३ को आसपासमा रहेको होटल तथा रेष्टुरेन्टहरूले प्रस्तावना सहितको निवेदन दिनुहुन अनुरोध गरिन्छ ।

email: info@skyoverseas.com
फोनः ०१-४३७९०३०



## सच्याइएको

यस प्रभाव दैनिकको वर्ष १० अंक १३६ भदौ २० गते २०८० मा प्रकाशित **Trust Nepal Overseas Pvt. Ltd.** को Lot No. 279766 को **म्याक फुड सर्भिसेस (मलेसिया) एसडिएन बिएचडी** कम्पनीको विज्ञापनमा **खाना सुविधाः छैन** हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको जानकारी गराईन्छ ।

ट्रष्ट नेपाल ओभरसिज प्रा.लि.
Trust Nepal Overseas Pvt. Ltd.
Hotline No. 9802021361



## कुवेतमा वैदेशिक रोजगारको अवसर

१.कम्पनी CONTINENTAL INTERNATIONAL GENERAL TRADING CO. W.L.L.

पूर्व स्वीकृती मिति : 03-12-2021 चलानी संख्या : 60169602 लट नं. 252828 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Salesperson | 10 | 10 | 140 | 60340 | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | छ | २ बर्ष |
| 2 | Waiter | 10 | 12 | 140 | 60340 | | | | | | | |
| 3 | Cook | 8 | 3 | 140 | 60340 | | | | | | | |

अन्य सुविधाहरु : खाना, बस्न, मेडिकल, इन्सुरेन्स र यातायात खर्च कम्पनीले प्रदान गर्ने

अन्तर्वार्ता हूने स्थान :संस्थाको कार्यालय, बसुन्धारा, काठमांडौ ३ धापासीमार्ग, काठमांडौ
अन्तर्वार्ता हूने मिती : २०८० भाद्र २६ र २७ (12 & 13 Sep 2023) मा हुने छ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

VISION & VALUE
श्रम ईजाजत नं. ८२२/०६६/०६७
**VISION & VALUE OVERSEAS PVT. LTD.**
Dhapasi Marg, Basundhara, Kathmandu, Nepal, Tel- +977-4379749, 4379162, 43379450, P.O.Box:7764
Mobile: 9851315983, 9846035174, 9851055165, 9818002688, 9851044323, 9861605199, 9841076393
Email:- visionhospitalityjobs@gmail.com | URL: www.vnvnepal.com



**गोकुलगंगा गाउँपालिका**
**गाउँकार्यपालिकाको कार्यालय**
**रस्नालु, रामेछाप**
**बागमती प्रदेश, नेपाल**

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मितिः २०८०/०५/२१

यस गोकुलगंगा गाउँपालिको आन्तरिक आय संकलन गर्न नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी बालुवा) संकलन, उत्खनन् र निकासि कर असुलिको लागि तपशिल अनुसार प्रकाशित सूचना बमोजिम दर्ता हुन आएका बोलपत्रहरु मध्य देहायको बोलपत्र दाताले पेश गरेको बोलपत्र सारभूत रुपमा प्रभावग्राही र अधिकतम मूल्याङ्कित समेत भएकाले सार्वजानिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ एवम दफा ४७ को प्रयोजनार्थ संम्बन्धित सबैको जानकारीको लागि यो बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ ।

तपशिल

| सि.न. | ठेक्का नं. | ठेक्का को नाम | छनौट भएका बोलपत्रदाता को नाम र ठेगाना | कबोल रकम (मु.अ.कर. बाहेक) |
|---|---|---|---|---|
| १. | GRM/TNCB/01/080/081 | गोकुलगंगा गाउँपालिकाको गर्जाङ खिम्ति खोलाको नदीजन्य पदार्थ (गिटी, ढुङगा, बालुवा) संकलन, उत्खनन् र निकासी कर (स्लेट ढुङ्गा र हाईड्रो क्षेत्र बाहेक) | श्री गणेश एन एन निर्माण सेवा एण्ड सप्लायर्स पाँचखाल-७ काभ्रे | ४२,१०,०००/- |

...............
**Chief Executive Officer**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# नेतामाथि हमला खेदजनक

बुधबार दिउँसो काठमाडौंको रिपोर्टर्स क्लब छेवैमा कांग्रेस शीर्ष नेतामाथि सांघातिक हमला भयो । प्रत्यक्षदर्शीका अनुसार कांग्रेस सहमहामन्त्री महेन्द्र यादवमाथि श्याम सापकोटा नामक व्यक्तिले खुकुरी प्रहार गरेका हुन् । समसमायिक विषयमा अन्तरक्रिया सकिएपछि बाहिर निस्कने क्रममा कार्यक्रमकै दर्शक बनेका सापकोटाले यादवमाथि आक्रमण गरेको देखिएको छ । कार्यक्रम रिपोर्टर्स क्लबका अध्यक्ष ऋषि धमलाले सञ्चालन गरेका थिए । कार्यक्रममा राष्ट्रिय प्रजातन्त्र पार्टीका महामन्त्री धवलशमशेर पनि सहभागी थिए ।

कार्यक्रम सकिएर बाहिर निस्कने क्रममा यादवमाथि आक्रमण हुनसाथ प्रहरीले सापकोटालाई नियन्त्रणमा लियो । अहिले यादवको राष्ट्रिय ट्रमा सेन्टरमा उपचार भइरहेको छ । गर्धनमा धारिलो हतियार लागेकोले गहिरो घाउ भएको अस्पतालले जनाएको छ । सिटी स्क्यान गर्दा आन्तरिक चोट भने नदेखिएको अस्पतालको प्रमुख मेडिकल सुपरिटेण्डेण्ट डा. बद्री रिजालले जानकारी दिएका छन् । यादवको स्वास्थ्य अवस्था स्थिर रहेको अस्पतालको भनाइ छ ।

नियन्त्रणमा लिँदै गर्दा आक्रमणकारी सापकोटाले अहिलेको व्यवस्थाप्रति वितृष्णा जगाउने खालको नाराबाजीसमेत गरे । राजा र हिन्दूराष्ट्रको पक्षमा नाराबाजी गरेका सापकोटाले एमसिसीकोसमेत विरोध गरेका थिए । आफूलाई ठीक नलागे विचारमार्फत विरोध गर्ने वाक स्वतन्त्रता लोकतन्त्रले दिएको छ । तर हतियार नै प्रहार गर्नु निन्दनीय कार्य हो ।

हो, नेपाली राजनीतिले अहिले कुशल नेतृत्व दिन सकेको छैन । गठबन्धनका सरकार हुँदा जनताले चाहेजस्तो विकास र समृद्धि हुन सकेको छैन । आर्थिक संकट चुलिँदो छ । यस्तो अवस्थामा जनतामा निराशा छाउनु स्वाभाविक हो । सही नेतृत्व नहुँदा अहिलेसम्म देशले संकटमोचन गर्न सक्ने अवस्था छैन । यस्तो अवस्थामा आफ्नो आक्रोश सांघातिक रूपमा पोखिनु खेदजनक कार्य हो । यस्तो विषयमा प्रहरी प्रशासनले गम्भीर भएर आक्रमणकारीलाई सजाय दिनैपर्छ ।

नेता होस् या नागरिक जोसुकैलाई यसरी आक्रमण हुनु ठीक होइन । देशको अवस्था जटिलतातर्फ गइरहेको बेला सरकारले पनि बेलैमा सुरक्षा जाँचलाई चुस्त राख्नपर्छ । असन्तुष्ट नागरिकका सवाललाई सम्बोधन गर्ने खालका कार्यक्रम ल्याउनु सरकारको प्रमुख दायित्व पनि हो । यस विषयमा नागरिकले खबरदारी गरिरहनुपर्छ । तर यसरी सांघातिक आक्रमणमा उत्रनु आपराधिक कर्म हो । जो कोही यसरी उत्रनु गैरकानुनी त हुँदै हो अमानवीय घटना हो । यसैले यो खेदजनक छ । अपराधमा उत्रेकालाई कडा कारवाही होस् । घाइते यादवको शीघ्र स्वास्थ्य लाभ होस् ।

# तीन महिने अभियानमा माओवादी रूपान्तरणको सार्थक बहस



सन्तोष पौडेल

'जनतासँग माओवादी : विशेष रूपान्तरण अभियान' नाम दिइएको तीनमहिने अभियान भदौ १६ गतेदेखि सुरू भएको र मंसिर १५ गतेसम्म चल्ने माओवादीले उद्घोष गरेको छ । मुलुकमा राजनीतिक परिवर्तन र रूपान्तरणकारी योजनाको नेतृत्व गर्दै आएको देशको प्रमुख शक्तिमध्ये एक माओवादी केन्द्रले यस अभियानमार्फत आसन्न निर्वाचनमा जनताको 'मन जितेर मत प्राप्त गर्ने' उद्देश्य राखेको छ । अभियानअन्तर्गत कम्तीमा २५ लाख मतदातासँग प्रत्यक्ष भेटघाट गरी पार्टी अध्यक्ष दाहालले नेतृत्व गरेको सरकारले गरेका भ्रष्टाचार नियन्त्रण, सुशासन प्रवर्द्धन, सेवा प्रवाहमा गरिएको सुधारलगायत जनपक्षीय कामको प्रचारप्रसार गरिने, पार्टीभित्रको समस्या तथा अन्तरविरोधको पहिचान गर्ने, माओवादी नेता तथा कार्यकर्ता जनतासँग नपुग्नेलगायत गुनासाको प्रभावकारी समाधान खोजिनेछ ।

रूपान्तरणको शाब्दिक अर्थ हुन्छ रूपमा अन्तर आउनु । रूपको पनि बाहिरी र भित्री गरी दुई पक्ष हुन्छ । बाहिरी पक्षको बदलाव आकारमा, रङमा र देखाइमा परिवर्तन हुनु हो भने भित्री पक्ष चरित्रमा, सारमा र व्यवहारमा परिवर्तन हुनु हो । व्यक्ति, समाज, राष्ट्र, दल जुन पक्षको कुरा गर्दा पनि रूपान्तरण एउटा परिवर्तन हो । त्यो परिवर्तन के, कसरी र कति भन्ने प्रश्न प्रधान रहन्छ । सामाजिक, सांस्कृतिक, राजनीतिक र आर्थिक पक्षमा पनि त्यही लागू हुन्छ । हामीले नेपालको सन्दर्भमा कुरा गर्दा पटक-पटक रूपान्तरणको बारेमा बहस गरिआएका छौं र अहिलेको रूपान्तरणको मुख्य हिस्सेदार नेपालको माओवादी आन्दोलन हो भन्ने आमनिष्कर्ष छ ।

माओवादी आन्दोलन मूलतः परिवर्तनकामी जनताबाट उठेको र तिनै जनताबाटै पोषित र पुष्पित आन्दोलन हो । दश वर्षे जनयुद्धका क्रममा मात्र होइन संविधानसभाको निर्वाचन हुँदै शान्तिपूर्ण राजनीतिमा आएपछि पनि नेकपा माओवादी केन्द्रले २०६४ सालको संविधानसभा चुनावमा झण्डै एकमना सरकार बनाउनेस्तरको ऐतिहासिक जनअनुमोदन पाएको थियो । संसदीय राजनीतिका विभिन्न उतारचढाव बेहोरेको भए पनि नेपालमा स्थापित मूल राजनीतिक एजेण्डाको वाहक र रूपान्तरणको मूल कारक पार्टी भएकाले अहिले नेपाली राजनीतिको केन्द्रीय मियो माओवादी पार्टी र पार्टी नेतृत्व नै रहेको देखिन्छ ।

सारांशमा नेपालको व्यवस्था रूपान्तरणको संवाहक बनेको माओवादी अब अवस्था परिवर्तनको पनि संवाहक बन्न चाहिरहेको छ । यही चाहनाको प्रकटीकरण हो माओवादीले थालेको रूपान्तरण अभियान । जनयुद्धको शंखघोष गर्दै गर्दा माओवादीले आफ्नो मूल अवधारणामा लेखेको थियो- वर्गीय, लिंगीय, जातीय, क्षेत्रीय, आर्थिक, सामाजिक, सांस्कृतिक र सबैखाले उत्पीडनको अन्त्य गर्दै समाजको आमूल रूपान्तरणसहित साम्यवादको स्थापना गर्न जनयुद्धको बाटोमा अगाडि बढौं । माओवादीले त्यो नाराले समाजका सबै वर्ग, जाति, क्षेत्र, समुदाय र तप्कामा एउटा तरंग पैदा गरेको थियो । यसको फलस्वरूप लाखौं जनता त्यसमा लामबद्ध भए आफैंलाई बलिदान गर्न उद्धत भए । यसले समाजको धेरै पक्षमा परिवर्तन ल्यायो । जनयुद्धकै जगमा १९ दिने ऐतिहासिक जनआन्दोलन भयो ।

जनयुद्ध र जनआन्दोलनको बलमा नेपालबाट २४० वर्षे एकात्मक राजतन्त्रात्मक व्यवस्थाको अन्त्य भयो र नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गऱ्यो । नेपालमा महिला, दलित, मधेसी, मुस्लिम र गरिबहरूलाई दोस्रो दर्जाको नागरिकका रूपमा व्यवहार गरिन्थ्यो । छुवाछूत, दाइजोलगायतका प्रथाहरू यति चरम थियो कि जो कल्पना नै गर्न सकिन्न । माओवादी जनयुद्धले ती विषयहरूमा विभिन्न तरिकाले चेतना जागृत गराइदियो भने महिला भनेका आधा संसार अगोट्ने समूह हो र सबै तहमा सबै निकायमा महिलाको अधिकार आधा हुनुपर्छ भन्ने स्थापित गरायो । जनयुद्धमा पुरुषसरह महिलाहरू होमिए, चुलोचौकोमा र घरको पर्खालभित्र सीमित महिलाहरू हातमा बन्दुक बोकेर निस्के र महिलामात्रै होइन, सिंगै समाज रूपान्तरण र परिवर्तनका लागि सम्पूर्ण बन्धन तोडर होमिए । फलस्वरूप पुरुष र महिला एकै रथका दुई पांग्रामात्रै होइन समाज रूपान्तरणका मुख्य द्योतक महिला हुन् भन्ने जनयुद्धले स्थापित गरायो ।

नेपाली सेना र प्रहरीमा पनि महिलाको भर्ती बढ्यो, इन्फेन्ट्रीमा महिलाको सहभागिता हुन थाल्यो, शान्ति सेनामा महिलाको सहभागिता हुन थाल्यो, समाजमा पुरुषभन्दा महिला के कम भन्ने प्रतिस्पर्धाको चेतना जागृत भयो । राजनीतिमा मात्र नभई अहिले राज्यका विभिन्न निकायमा र लोकसेवामार्फत समावेशीकरणको लाभ लिँदै प्रवेश गरेका हजारौं नागरिकको सपना माओवादी आन्दोलनका कारण सार्थक भएको यथार्थ हो । अहिलेसम्म आउँदा संसद्सहित राज्यका सबै नीतिनिर्माण तह र स्थानीय सरकारदेखि सबै कार्यान्वयन तह तथा समितिहरूमा महिलाको प्रतिनिधित्व सुनिश्चित भएको छ र कार्यान्वयन भइरहेको छ ।

दलितमाथिको छुवाछूत अब व्यावहारिक रूपमै अन्त्य हुने चरणमा छ । अत्यन्तै पिछडिएको र राज्यको सधैं कोपभाजनमा पारिएको कर्णाली र सुदूरपश्चिमजस्ता क्षेत्रहरूले निश्चित कोटा नै छुटचाएर राज्यको नीति निर्माण र कार्यान्वयनको एकाइमा आरक्षण पाइरहेको स्थिति छ । त्यसैगरी मधेसी, मुस्लिम, आदिवासी जनजाति, अल्पसंख्यक समुदाय र अपांगता भएका समुदायलगायत समाजका सबै उत्पीडित वर्ग, क्षेत्र, जाति, समुदाय र तप्काले संविधानतः अधिकार प्राप्त गरेका छन् । अब निजामती सेवामा थारू, मुस्लिम र खस आर्य समुदायका लागि पनि आरक्षण दिने प्रस्तावसहितको विधेयक मस्यौदामा छलफल चलिरहेको छ । परिवर्तनको परिभाषाबाट हेर्दा जनयुद्धले समाजमा व्यापक र आमूल रूपान्तरण ल्याएको मान्न सकिन्छ ।

'जनतासँग माओवादी : विशेष रूपान्तरण अभियान' नाम दिइएको तीनमहिने अभियान भदौ १६ गतेदेखि सुरु भएको र मंसिर १५ गतेसम्म चल्ने माओवादीले उद्घोष गरेको छ । मुलुकमा राजनीतिक परिवर्तन र रूपान्तरणकारी योजनाको नेतृत्व गर्दै आएको देशको प्रमुख शक्तिमध्ये एक माओवादी केन्द्रले यस अभियानमार्फत आसन्न निर्वाचनमा जनताको 'मन जितेर मत प्राप्त गर्ने' उद्देश्य राखेको छ ।

अभियानअन्तर्गत कम्तीमा २५ लाख मतदातासँग प्रत्यक्ष भेटघाट गरी पार्टी अध्यक्ष दाहालले नेतृत्व गरेको सरकारले गरेका भ्रष्टाचार नियन्त्रण, सुशासन प्रवर्द्धन, सेवा प्रवाहमा गरिएको सुधारलगायत जनपक्षीय कामको प्रचारप्रसार गरिने, पार्टीभित्रको समस्या तथा अन्तरविरोधको पहिचान गर्ने, माओवादी नेता तथा कार्यकर्ता जनतासँग नपुग्नेलगायत गुनासाको प्रभावकारी समाधान खोजिनेछ । अभियानको सुरुआत गर्दै पार्टी अध्यक्ष तथा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले यो अभियानले सुशासनसहितको समृद्धिमार्फत रूपान्तरण ल्याउने उद्देश्य सार्वजनिक गर्नुभएको छ । देशका सातै प्रदेशका ७५३ स्थानीय तहअन्तर्गत रहेका छ हजार ७४३ वडाबाट एकसाथ सुरु गरिएको अभियानमा लाखौं नेता कार्यकर्ता परिचालित भएका छन् । अभियानमा सुरुआत र अन्त्यको निश्चित मात्रै गरिएको छैन, कुन दिन कसले के काम गर्नेसम्मको खाका सार्वजनिक गरिएको छ ।

माओवादी केन्द्रको गत साउनमा सम्पन्न केन्द्रीय समितिको पाँच दिन बैठकमा सहभागी नेता कार्यकर्ताले माओवादी पुरानो विचार, विरासत, शक्ति र सामर्थ्य तथा जनसम्बन्धबाट च्यूत हुन पुगेको प्रतिक्रिया आएपछि यो अभियानको वस्तुगत सुरुआत भएको हो । हुन त यसअघि पनि केन्द्रीय महाधिवेशनमा पार्टी अध्यक्ष प्रचण्डले पार्टी बिग्रिएको र विघटन गर्दा हुने भनाइ राख्दै जनतामा फर्कनुपर्ने उद्घोष गरेका थिए । गत निर्वाचनपछि लगत्तै दुईमहिने एउटा अभियान पनि सञ्चालन भएको थियो । तर, त्यो अभियान नाम मात्रैमा सीमित भएको माओवादीको आफ्नै विश्लेषण छ । यसपटकको अभियानको नाम नै विशेष रूपान्तरण अभियान भएकाले यो अभियानले माओवादी नेताको स्वभावमा, सम्बन्धमा, माओवादी कार्यकर्ताको आनीबानीमा, नेता कार्यकर्ताको सम्बन्ध र जनतासँगको सम्बन्धमा रूपान्तरण एवं मूलरूपमा पार्टीको आमूल रूपान्तरण भन्ने ध्येय यो अभियानले राखेको देखिन्छ ।

जनताले यो अभियानबाट के प्राप्त गर्ने हुन त यो प्रश्न भने सबैभन्दा महत्त्वपूर्ण छ । यतिमात्र नभई यो अभियानले हाम्रो सपना, भावना र विभाजित मनहरूलाई जोड्नेछ भने जनताले हामी उनीहरूको सबैभन्दा नजिकको र प्रगतिशील शक्ति पनि भएको अनुभूत गर्नेछन् । जनयुद्धकालीन सबै माओवादीको एकाकार हुने र युद्धताका देखेका सपनाहरूलाई पुनर्ताजगीकरण गर्दै देश निर्माणको महान अभियानका लागि जनताको भावना बुझ्ने एउटा गतिलो चौतारी हुनेछ यो अभियान । माओवादीले व्यवस्था बदल्न आह्वान गर्दा जनताले बन्दुक बोकेर बलपूर्वक समाज रूपान्तरणका लागि योगदान गरेका थिए ।

अब जनतालाई व्यवस्था होइन अवस्था बदल्ने पार्टी चाहिएको छ । माओवादीबाट अब सुशासन र समृद्धि, बेरोजगारीको अन्त्य, शिक्षाको गुणस्तर, कालाबजारीको अन्त्य, घूसखोरी भ्रष्टाचारको अन्त्य, दलाली, तस्करी र जालझेलको अन्त्य तथा समाजमा बाँकी रहेको सामन्तवादी कुप्रथाको अन्त्यका लागि हस्तक्षेपकारी भूमिका अपेक्षित छ । तीन महिनाका लागि सुरु भएको यो कार्यक्रम व्यावहारिक रूपमा निरन्तर चलिरहनुपर्ने देखिन्छ । पार्टी रूपान्तरणमात्रै होइन, साँच्चिकै जनताको जीवन रूपान्तरण गर्नमा यसले सार्थक भूमिका खेल्नेछ र हामी फेरि जुट्नेछौं नयाँ जोस र आत्मविश्वासका साथ भन्ने भावना आमकार्यकर्तामा जागृत गर्नुपर्नेछ । *रासस*

## मनन्योग्य

### चाणक्य नीति

सीमापारिको सूचना गुप्तचरबाट थाहा पाएर चाणक्य विचलित भावले राजमहलको सभाभवनमा यताउति घुमिरहेका थिए । चन्द्रगुप्त सैनिक मानचित्रको अध्ययन गरिरहेका थिए । यस्तैमा एउटा प्रहरी प्रवेश गर्दै कुनै गुप्तचर आएको खबर दियो । गुप्तचर आई चन्द्रगुप्त र चाणक्यलाई सैनिकका ढंगबाट अभिवादन गर्दै सिन्धु नदीपारि सेल्युकस ठूलो सैन्य लिई आइपुग्यो, यसपटक उसँग इरान र अरबका राजा पनि छन्, सुनिन्छ तक्षशिलाका हामीद्वारा नियुक्त राजाले पनि उसको स्वाधीनता स्वीकार गरे अरे भन्ने खबर पनि सुनियो । यो सुन्दा चाणक्यका आँखा रिसले राताराता भए, क्रोधले रातो भएको उनको मुख देखी चन्द्रगुप्त पनि डराए । चाणक्यले चन्द्रगुप्तपट्टि फर्की भने-'तिमीबाट पराजित भएको सेल्युकसले आफ्नो अपमान बिर्सिएको छैन । ऊ चोट लागेको सर्पजस्तै भइरहेछ । तिमी एक ठूलो सेना लिई झेलमपारि नै उसलाई रोक । साथै रिसने बडबडाई मुखबाट शब्द निस्कदै थियो, आकाशबाट चाहेजति नै पानी किन नपरोस् पृथ्वीले सबै पिउछिन् चाहे जत्रो ने तुफान किन नआओस् त्यसले क्या हल्लाउन पनि सक्तैन ।' 'त्यो स्याललाई हामीले अभयदान दिएका थियौ ।

फेरि यता आउने साहस उसलाई कसरी आयो ? सुनको भोको ए सेल्युकस । हामी यसपटक तेरो स्वागत यसरी गत पुनः भारतवर्षमा कुदृष्टिले हेर्नसक्ने छैनस् । अनि चाणक्यले केही कुरा सोच्तै लामो सास फर जुन उनको मनोबलको द्योतक थियो ।

यतिखेरै सैनिक कवच धारण गरी गुप्तचरले प्रवेश गरे । श्रद्धा एवम् विश्वासले अभिवादन गरे । चाणस्यले 'जय' को आशीर्वाद दिदै रणनीतिसम्बन्धी गूढ° परामर्श पनि उनलाई तत्काल दिए । सँगसँगै चन्द्रगुप्त र चाणक्य महलबाट बाहिरिदै सैनिक छाउनीसम्म आए र चन्द्रगुप्तने चाणक्यको चरण स्पर्श गरी आफ्नो प्यारो सेतो घोडामा चढ्ी युद्धको शंखनाद गरे हजारो घोडचढी, लाखों पैदल सैनिक, सबकडी ज्ञ हाती अत्यन्तै डरलाग्दो आँधीबेहरी उत्पन्न गर्दै युद्धभूमितर्फ लागे उता व्याँसपारि मगधको सीमादेखि टाढा डरलाग्दो समूहमा । *क्रमशः*

## पत्र–मञ्जुषा

# प्रधानमन्त्रीको ध्यान सत्ता टिकाउनेमा, जनताको समस्यामा बेवास्ता

मुलुकमा विभिन्न राजनीतिक पार्टीले पटक-पटक सरकार चलाए । तर जुन दल सरकारमा गए पनि मुलुकको अवस्था किन फेरिएन ? सरकारमा जान यहाँ जहिले पनि होडबाजी चल्छ । तर, काम गरेर देखाउने क्षमता भने कसैमा पनि छैन । पुरानै प्रवृत्ति दोहोऱ्याइरहने र परिवर्तन ल्याउन नखोज्ने देखिएको छ । वि.सं. २०६५ र २०७३ सालमा दुईपटक प्रधानमन्त्री भए, पुष्पकमल दाहाल । वर्तमान सरकारको प्रधानमन्त्री पनि उनी नै छन् ।

तीनपटक प्रधानमन्त्री भए पनि उनले देश र जनताका लागि सिन्को पनि भाँचेनन् । हाल प्रधानमन्त्री भएको नौ महिना बितिसकेको छ । सुरुसुरुमा काम गर्नेजस्तो देखिए पनि अहिले फेरि पुरानै अवस्था देखिएको छ । प्रधानमन्त्री दाहाल सुस्ताएका छन् । भ्रष्टाचारको फाइल खोल्ने अभियान पनि बीचमै रोकिएको छ । दाहालको काम गर्ने क्षमता जनताले देखेका छन् । दुईचोटि प्रधानमन्त्री हुँदा त कुनै परिवर्तन ल्याउन नसकेका उनलाई जनताले पत्याएनन् ।

२०७९ मंसिर ४ गते भएको प्रतिनिधिसभा तथा प्रदेशसभाको निर्वाचनमा माओवादीले ३२ सिटमात्र पायो । पाँचदलीय गठबन्धन गरेर चुनावमा भिड्दा पनि माओवादीले खासै राम्रो नतिजा ल्याउन सकेन । कांग्रेस सभापति शेरबहादुर देउवाले प्रधानमन्त्री आफैं खाने भनेपछि उनी हत्तपत्त बालकोट पुगेका थिए । सुरुमा एमाले अध्यक्ष केपी शर्मा ओलीसँग मिलेर उनी सरकारमा गए । प्रधानमन्त्री बने ।

एमालेलाई पाखा लगाएर उनी पुरानै गठबन्धनमा फर्किए । तर, नौ महिना प्रधानमन्त्री हुँदासमेत उनको काममा प्रगति हुन सकेको छैन । सरकार टिकाउने खेलमात्रै भइरहेको छ । बजारको अवस्था के छ ? जनताको अवस्था के छ ? उनलाई जानकारी छैन । व्यापारीहरूले कालोबजारी गरिरहेका छन् । मँहगीले आकाश छोइसकेको छ । आम नागरिकलाई बिहानबेलुकाको छाक टार्नसमेत धौधौ परेको छ ।

बेरोजगारीले व्यापक रूपमा लिएको छ । रोजगारीका लागि दैनिक हजारौं नेपाली खाडी मुलुक गइरहेका छन् । यातायातमा सिण्डिकेट, सहकारीमा देखिएको बेथिति र सरकारी निकायमा भएको बिचौलियाको बिगबिगीतर्फ पनि प्रधानमन्त्री दाहालको ध्यान केन्द्रित हुन सकेको छैन । मुलुकमा अपराधका घटना ह्वात्तै बढेको छ । दिनदहाडै चोरी हुन थालेको छ । बाटोमा हिँड्न पनि डरमर्दो भएको छ ।

गरिबीको कारणले मान्छेले आफ्नै ज्यान लिन थालिसकेका छन् । हालै मात्र एक जनाले वीर अस्पतालको छतबाट हाम्फाले । केही समयअघि संसद् भवनअगाडि एक जनाले आत्मदाह गरे । तैपनि सरकारको आँखा खुलेको छैन । यत्रो घटना घट्दासमेत सरकारले जनताको अवस्था बुझ्न सकेन । प्रधानमन्त्री कार्यालय र सरकारी कार्यालयमा आफ्नो फोटो झुण्ड्याउने मात्र त प्रधानमन्त्रीको काम होइन होला नि ?

जनता अल्मलाउने खेलमात्रै भइरहेको छ । भटाभटी काम गर्नुको साटो प्रधानमन्त्री दाहाल उद्घाटनमै व्यस्त छन् । कार्यक्रममा गएर भाषण ठोकेर र फूलमाला लगाएर देश विकास हुन्छ ? केही दिनअघि दाहालले भनेका थिए, 'बर्खा सकिएपछि म लाखौं जनता सरकारको पक्षमा सडकमा उतार्छु ।' आफूले काम गर्न नसकेको त मूल्यांकन त उनले पनि गरेका छन् ।

केही समयअगाडि उनले बालुवाटारमा मिडियाका सम्पादकहरू बोलाएर मख्खन लगाउने काम पनि गरेका थिए । देशमा यत्रो बेथिति छ तर दाहाल सरकार टिकाउनमै व्यस्त छन् । यही पारा रह्यो भने उनलाई अर्को चुनावमा गाह्रो पर्ने देखिन्छ । उनले एमाले अध्यक्ष ओलीको अवस्थाबाट पनि केही कुरा सिक्नुपर्ने थियो । विडम्बना, सिकेनन् । ओलीले गरेको कामको प्रतिफल त पूरै पार्टीले भोगेको छ ।

ओलीकै कारणले एमालेलाई ठूलो धक्का लाग्यो । आफ्ना सांसदलाई विपक्षीलाई अरिंगाल जसरी टोक्नु भनेर सिकाउने, सडकमा कार्यकर्ता ओइराउने, सम्पादकलाई वालुवाटार बोलाएर आफ्नो पक्षमा लेख्न भन्ने, राज्यको ढुकुटीबाट तीजको कार्यक्रम गर्ने, दुईपटक सांसद विघटनलगायतका ओलीको कामले एमाले नै अप्ठेरोमा पर्‍यो । सर्वोच्च अदालतले प्रधानमन्त्रीको पद खाइदिएपछि २०७८ असार २९ गते ओली बालुवाटारबाट निस्किए ।

बालकोट जाँदासम्म महेश बस्नेतले ओलीलाई छेकबार गरेर बाजागाजासहित लगेका थिए । तर, त्यसले केही फरक पारेन । जति नै ऱ्याली निकाले पनि जनताले हेर्ने त काम हो, जुन ओली नेतृत्वको सरकारले गरेन । यहाँबाट दाहालले पाठ सिक्न जरुरी छ । एउटा व्यक्तिको कारण पूरै पार्टीलाई नै क्षति पुग्नसक्छ । जति नै सिट ल्याए पनि दाहालले प्रधानमन्त्री खाएका छन् ।

पुराना नेताहरू पटकपटक प्रधानमन्त्री पद खाइरहने अनि जहिले जनता मर्नुपर्ने ? उनीहरूको असक्षमताको भारी जनताले कहिलेसम्म बोक्ने ? अब पनि जनता चुप लाग्ने कि विरोध गर्ने ?

**– वसन्त गुरुङ, कलंकी**

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# सुदूरपश्चिममा डेंगीको उच्च जोखिम

**बैतडी–** सुदूरपश्चिम प्रदेश डेंगी संक्रमणको उच्च जोखिममा छ । सुदूरपश्चिम प्रदेश स्वास्थ्य निर्देशनालयको तथ्यांक हेर्दा यो प्रदेश अत्यधिक जोखिममा रहेको पाइएको हो ।

दिनप्रतिदिन डेंगी संक्रमित फेला पर्न थालेपछि यहाँ उच्च जोखिम रहेको सुदूरपश्चिम स्वास्थ्य निर्देशनालयका कीटजन्य रोग नियन्त्रण सम्पर्क व्यक्ति हेमराज जोशीले जानकारी दिए । प्रदेशमा सन् २०२३ को अगस्तमा मात्रै ३५३ जनामा डेंगीको संक्रमण देखिएको छ । उनले भने, 'अरु महिनामा फाट्टफुट्ट देखिने डेंगी अगस्तमा भने ह्वात्तै बढेको छ ।'

पछिल्लो आठ महिनाको तथ्यांक हेर्दा प्रदेशमा ६८० जनामा डेंगीको संक्रमण पुष्टि भइसकेको छ। सम्पर्क व्यक्ति जोशीका अनुसार जनवरीमा १५, फेब्रुअरीमा ५२, मार्चमा १२९, अप्रिलमा २५, मे महिनामा २२, जुनमा २६, जुलाइमा ५८ र अगस्तमा ३५३ जनामा डेंगी संक्रमण पुष्टि भएको छ । प्रदेशभरिमा सबैभन्दा बढी कैलालीमा २३२ र सबैभन्दा कम बैतडीमा छ जनामा डेंगी संक्रमण देखिएको छ ।

यस्तै दार्चुलामा १९४, कञ्चनपुरमा १२३, अछाममा ५२, बाजुरामा ३२, डोटीमा १९, बझाङमा १२ र डडेलधुरामा १० जनामा डेंगी संक्रमण पुष्टि भएको छ ।

> दार्चुलामा १९४, कञ्चनपुरमा १२३, अछाममा ५२, बाजुरामा ३२, डोटीमा १९, बझाङमा १२ र डडेलधुरामा १० जनामा डेंगी संक्रमण पुष्टि भएको छ । 'संक्रमणका कारण यस वर्ष सुदूरपश्चिममा कोहीले पनि ज्यान गुमाउनुपरेको छैन

'संक्रमणका कारण यस वर्ष सुदूरपश्चिममा कोहीले पनि ज्यान गुमाउनुपरेको छैन । गत वर्ष प्रदेशमा एक हजार २८९ जनामा संक्रमण देखिएकामा चार जनाको मृत्यु भएको थियो,' सम्पर्क व्यक्ति जोशीले भने ।

अरु महिनाभन्दा अगस्तमा डेंगी संक्रमितको संख्या अधिक बढेको पाइएको छ । लामखुट्टेको टोकाइबाट हुने डेंगी गर्मी र वर्षात्को समय भएकाले बिरामीको संख्या बढेको हो । उनले भने, 'तराईका जिल्लामा बढी हुने डेंगी संक्रमण पछिल्लो समय पहाड र हिमाली क्षेत्रमा पनि देखिन थालेको छ । हिमाली क्षेत्र भनेर चिनिने दार्चुलाको ब्यासमा पनि डेंगी सार्ने लामखुट्टे फेला परेको छ। यसले गर्दा सबै क्षेत्रमा जोखिम निकै बढेको छ ।' डेंगीबाट संक्रमण हुन नदिने एकमात्र उपाय भनेको लामखुट्टेको टोकाइबाट बच्नु हो ।

### प्रदेशका सबै पालिकामा लामखुट्टेको अध्ययन गरिंदै

यसैबीच डेंगीको संक्रमण बढ्दै गएपछि प्रदेशभरि सबै स्थानीय तहमा कीटजन्य रोग सार्ने लामखुट्टे तथा भुसुनाको अध्ययन गरिने सम्पर्क व्यक्ति जोशीले बताए । उनले भने, 'सुदूरपश्चिम प्रदेशका सबै ८८ पालिकामा कीटजन्य रोग सार्ने लामखुट्टे तथा भुसुनाको अध्ययन गर्ने योजना छ । २० भन्दा बढी पालिकामा अध्ययन सम्पन्न गरिसकेका छौं । अध्ययनको सम्पूर्ण विवरण निर्देशनालयको वेबसाइटमा उपलब्ध छ ।'

डेंगी जोखिम कम गर्न निर्देशनालयले प्राविधिक सहजीकरण, कीट आपूर्ति र बिरामी व्यवस्थापनमा सहयोग गर्ने गरेको छ। स्थानीय तहहरूले उक्त रोग नियन्त्रणका लागि 'लार्भा खोज र नष्ट गर' अभियानका साथै सचेतनामूलक सञ्चालनमा गरिएको छ । जोखिम बढ्दै गएकाले सतर्कता अपनाउन निर्देशनालयले आग्रह गरेको छ ।

डेंगी भएका उच्च ज्वरो आउने, टाउको, आँखाको गेडी, ढाड, शरीर, घुँडाका जोर्नी दुख्ने, पिडौलाको मासु दुख्ने आदि डेंगीका लक्षण देखापर्ने गर्दछन् । यसका साथै गम्भीर प्रकृतिको डेंगी संक्रमण भएका बिरामीमा थकान महसुस हुने, गिजाबाट रगत बग्ने, पेट असाध्यै दुख्ने, बारम्बार बान्ता हुने, श्वास फेर्न गाह्रो हुने, पेट खुट्टा सुन्निनेजस्ता लक्षण देखापर्ने निर्देशनालयले जनाएको छ । *रासस*

# भ्रष्टाचार विरोधी अभियान रोकिँदैनः उपप्रधानमन्त्री श्रेष्ठ




**चितवन (प्रस)–** उपप्रधान एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले भ्रष्टाचार विरोधी अभियान नरोकिने बताएका छन् । उनले यो अभियानलाई विश्राम नदिई अगाडि बढाउने बताए । सामुदायिक रेडियो माडीको १३औं वार्षिकोत्सव समारोहलाई बुधबार माडीमा सम्बोधन गर्दै उनले यस अभियानमा सम्झौता नगरी अगाडि बढ्ने बताएका हुन् ।

'यो मेरो मात्रै नभई सरकारको पनि संकल्प हो । यस अभियानलाई विश्राम लिने छैनौं,' मन्त्री श्रेष्ठले भने । यस अभियानलाई देशका सबै बुद्धिजीवी, नागरिक समाजले साथ दिइरहेको भन्दै उनले सबैप्रति आभार व्यक्त गरे । भ्रष्टाचार विरोधी कतिपय कदम चाल्दा अप्ठ्याराले आफूहरूलाई समस्या पारेको भन्दै उनले भने, 'हाम्रो मिसन र ध्ययमा हामी सम्झौता गर्ने छैनौं ।'

'सरकार तथा गृहमन्त्री दृढताका साथ टिक्छन् त?' भन्ने चिन्ता र चासो आम जनसमुदायमा रहेको आफूले अनुभूति गरेको भन्दै मन्त्री श्रेष्ठले यसबीचमा भएका कतिपय घटनाक्रमले जनसमुदायमा चासो बढाउनु स्वाभाविक भए पनि सरकार भ्रष्टाचार विरोधी अभियानमा प्रतिबद्ध रहेको उल्लेख गरे । उनले भने, 'यो सरकार भ्रष्टाचार, तस्करी, कालोबजारी, दण्डहिनता, ठगीको विरुद्धमा उभिएको छ । यस अभियानलाई निरन्तरता दिनेछौं ।'

सरकारी जग्गा, सुन तस्करी र शरणार्थी प्रकरणका अपराधी तथा तस्करलाई कानुनको कठघरामा उभ्याएरै छोड्ने गृहमन्त्री श्रेष्ठले दृढता व्यक्त गरे । यी काम सजिलो नभएको भन्दै उनले भने, 'सजिलो बाटो होइन भनेर तै चुप मै चुप भएर यथास्थितिकै सामु लम्पसार पर्ने काम यो सरकार र गृहमन्त्रीबाट हुनसक्दैन ।' उनले भ्रष्टाचार विरोधी अभियान अझ प्रभावकारी बनाउने जनाउँदै यस्तै अन्य घटनाको खोजी गरी छानबिन गर्ने बताए ।

देशमा ठूलो राजनीतिक परिवर्तन भएको भन्दै गृहमन्त्री श्रेष्ठले राजनीतिक परिवर्तनलाई परिवर्तनमामात्रै सीमित नबनाएर यसलाई माध्यम र साधन बनाएर सामाजिक, आर्थिक रूपान्तरण गर्ने चाहना रहेको बताए । उनले भने 'क्रान्तिकारी आन्दोलनलाई अगाडि बढाउने सन्दर्भमा होस् वा नेपालमा लोकतन्त्र स्थापना गर्ने सन्दर्भमा होस् सञ्चार माध्यमले महत्त्वपूर्ण भूमिका खेलेका छन् ।'

नेपालको जुन राजनीतिक परिवर्तन भए पनि त्यसका पछाडिका उपलब्धिलाई रक्षा गर्न सञ्चारमाध्यमको भूमिका महत्त्वपूर्ण रहेको गृहमन्त्री श्रेष्ठको भनाइ थियो । 'परिवर्तनलाई माध्यम र साधन बनाएर सामाजिक, आर्थिक रूपान्तरण गर्न, विकास र समृद्धिको प्रक्रिया अगाडि बढाउन, जनताको जीवन फेर्न सञ्चारमाध्यमको भूमिका महत्त्वपूर्ण छ,' उनले भने । रेडियो माडीले यस क्षेत्रमा पुर्‍याएको योगदानको गृहमन्त्री श्रेष्ठले प्रशंसा गरे ।


## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MANDALA CLEANING & HOSPITALITY
पूर्व स्वीकृति मिति: २०८०/०२/१९ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०५/२० | LT. No. 287097 | चलानी नं. ६०२०२४५५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Clean Worker | 10 | 0 | 1000 | ३६,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Manager Variety | 1 | 0 | 5700 | २०५,४५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० भदौ २८ गते (14th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले   सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

VARSHA MANPOWER PVT. LTD.
(STAR INTERNATIONAL HUMAN RESOURCE PVT. LTD.)
श्रम ईजाजत नं. ९५४/०६७/६८
Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL RAYYAN INTERNATIONAL SERVICES
पूर्व स्वीकृति मिति २०८०/०२/१८ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०५/२० | LT. No. 287002 | चलानी नं. ६०२०२३७५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour Services | 0 | 5 | 1500 | ५४,८६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० भदौ २८ गते (14th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले   सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

त्रिकोण ईन्टरनेशनल ओभरसिज प्रा.लि.
श्रम ईजाजत नं. ५५०/०६२/०६३
रानीवारी, सामखुसी, काठमाडौं, नेपाल, फोन नं. ४३८१८३८, ४३५५६०२, ९८०१००४३८४

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SHISHABI RESTAURANT TO SERVE MEALS
पूर्व स्वीकृति मितिः २०८०/०३/२९ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०५/२० | LT. No.289330 | चलानी नं. ६०२०४६९७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurant Labour | 4 | 0 | 1000 | ३५,५५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० भदौ २८ गते (14th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले   सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Target Consultant Human Resources Pvt. Ltd.
श्रम ईजाजत नं.८३३/०६६/०६७
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : T.A. FURNITURE INDUSTRIES SDN. BHD.
पूर्व स्वीकृति मिति २०७९/०९/२० | पुन विज्ञापन स्वीकृति मिति २०८०/०५/२० | LT. No. 278793 | चलानी नं. ६०१९४४३३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory worker | 25 | 0 | 1500 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० भदौ २८ गते (14th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले   सेवा शुल्कःनिःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SWIFT H.R. SOLUTION PVT. LTD.
श्रम ईजाजत नं. ११९७/०७३/०७४
Samakhusi-26, Kathmandu, Nepal, Phone: +977-1-4952852, 4964820
Fax: 4352852, E-mail : swifthr12@gmail.com Website : swifthrsolution.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ROAD AL FARES LOGISTIC SERVICES
पूर्व स्वीकृति मिति: २०८०/०५/१९ | LT. No.292117 | चलानी नं. ६०२०७३१८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 2 | 0 | 2000 | ७१,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० भदौ २८ गते (14th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले   सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Ishan Overseas Pvt. Ltd.
श्रम ईजाजत नं. ५३२/२०६१/०६२
Samakhusi , Kathmandu, Nepal, Tel: 01-4380272 / 4380273 Fax : +977-1-5547945, E-mail : maniishannepal@gmail.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : TWO PESOS MALAYSIA SDN BHD
पूर्व स्वीकृति मिति २०७९/०५/१६ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०५/२० | LT. No. 270621 | चलानी नं. ६०१८६६६६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 30 | 0 | 1500 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० भदौ २८ गते (14th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले   सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Sandiya Human Resources Pvt. Ltd.
श्रम ईजाजत नं. १०९७/०७३/०७४
Dhumbarai-4, Kathmandu, Nepal, Phone No. +977-1-5199505, 9801181641, 9851155563, 9801181681
E-mail: sandiyahr17@gmail.com, Website : www.sandiyahr.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL IKHWAN SUSHI SDN BHD
पूर्व स्वीकृति मिति २०७९/०५/०९ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०५/२० | LT. No. 270270 | चलानी नं. ६०१८६१५६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurant Worker | 33 | 0 | 1500 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : YCN CARTON SDN BHD
पूर्व स्वीकृति मिति २०७९/०६/३० | पुन विज्ञापन स्वीकृति मिति २०८०/०५/२० | LT. No. 273796 | चलानी नं. ६०१८९५६८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 25 | 0 | 1500 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० भदौ २८ गते (14th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले   सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Richhood Overseas Inc. Pvt. Ltd.
Govt. License 539/061/062
Basundhara, Kathmandu, Nepal, Tel: +977-1-4382899, 4982899 Phone No: 9808133720, 9845473766,
Email: richhood@wlink.com.np Website: www.richhoodoverseas.com

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : CONFAB INTERNATIONAL GENERAL TRADING CO.WLL
पूर्व स्वीकृति मिति २०७९/१२/१३ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०५/२० | LT. No. 283515 | चलानी नं. ६०१९८९०२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CLEANER/WORKER(INDOOR) | 45 | 0 | 85 | ३६,७०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० भदौ २८ गते (14th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले   सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Namo Buddha Recruitment Pvt. Ltd.
Govt. License 1370/74/75
Basundhara-3, Kathmandu, Nepal, Phone : + 977-1-4983168
E-mail : info@namobuddharecruitment.com, nbrpl1370@gmail.com
Website : www.namobuddharecruitment.com

## साउदी/मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : NAWAMI TRADING EST.
पूर्व स्वीकृति मिति २०८०/०५/१९ | LT. No. 292025 | चलानी नं. ६०२०७३१२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packaging And Wrapping Worker | 1 | 0 | 1000 | ३५,५०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : HWA HUAT LIVESTOCK INDUSTRIES SDN.BHD
पूर्व स्वीकृति मिति २०८०/०५/१९ | LT. No. 292068 | चलानी नं. ६०२०७३१३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Livestock Worker | 10 | 0 | 1500 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० भदौ २८ गते (14th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु.१,५०० कामदार आफैंले   सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Muskan Overseas Pvt. Ltd.
Govt. License 1342/074/75
Samakhushi -26, Kathmandu, Nepal, Tel: + 977-1-4359026, 4363094
Email: muskanoverseas786@gmail.com,Web: www.muskanoverseas.com.np

# प्रभाव दैनिक






**'अबिर आर्टिसन फेस्ट' असोज १३ र १४ मा**

ललितपुरमा नेपालमा उत्पादित कपडा, डिजाइनर र सीपकर्मीलाई लक्षित गरी 'अबिर आर्टिसन फेस्ट' हुने भएको छ । आगामी असोज १३ र १४ गते पाटन संग्रहालयमा फेसनका पोशाक, हस्त सामग्री,फेसन, लाइफ स्टाइल, क्रोक्टेड, (कुरूस)ले वुनेको, केनीवेर (काति)ले बुनेको, संगीतका कार्यक्रम तथा खानाका साथै अन्य लुगाहरू प्रदर्शनीमा राखिने भएको छ । ललितपुर महानगर अन्तर्गत नेपाल घरेलु तथा साना उद्योग महासंघ र अबिर डिजाइन हबको संयुक्त आयोजनामा दुई दिनसम्म महोत्सव हुने भएको हो ।





बिहीबार,२१ भदौ २०८० (Thursday, September 7, 2023)

# चौथो नेपाल म्युजिक एन्ड फेसन अवार्डमा २९ विधाको मनोनयन

■ प्रभाव संवाददाता

**काठमाडौं–** चौथो नेपाल म्युजिक एन्ड फेसन अवार्ड २०२३ आगामी १० असोजमा काठमाडौंमा आयोजना हुने भएको छ । स्टार वान इन्टरटेनमेन्ट र विलक्षण क्रियसनको आयोजनामा यो हुने यो अवार्डमा विगत झैँ यसपटक पनि गीतकार, गायक, गायिका, संगीतकार, संगीत संयोजक, म्युजिक भिडियो निर्देशक, छायाँकार, सम्पादक, मोडलहरूबीच विभिन्न २९ विधामा समावेश छ ।

पछिल्लो डेढ वर्षयता रिलिज भएका गीतसंगीतलाई यो अवार्डमा समावेश गरिएको आयोजक तथा स्टार वान इन्टरटेनमेन्टकी अध्यक्ष पूजा निरौलाले बताइन् । नेपाली गीत संगीत क्षेत्रमा योगदान पर्याएका विभिन्न स्रष्टालाई अवार्डमा विशेष योगदान सम्मानबाट सम्मानित समेत गरिनेछ ।

अवार्डका निर्देशक वालकृष्ण पोखरेलका अनुसार यसपटक राष्ट्रिय भाव, चलचित्र, आधुनिक, पप, लोकपप, लोक, लोकदोहोरी, देउडा, भाषाभाषी (नेपाल भाषा, तामाङ भाषा) का गीतहरूमा सम्बन्धित विधाका कलाकार तथा प्राविधिकहरू सहभागी भएका छन् ।




# सुदर्शनलाई राष्ट्रपतिको सम्मान

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रेमकथामा अब्बल फिल्म बनाउने निर्देशकका रूपमा कहलिएका निर्देशक सुदर्शन थापाले राष्ट्रपति रामचन्द्र पौडेलको हातबाट 'विशेष योगदान सम्मान २०८०' र फिल्म 'प्रसाद २'बाट 'विशेष चलचित्र पुरस्कार' प्राप्त गरेका छन् । सुदर्शन फिल्म 'प्रसाद २'का निर्देशक हुन् ।

चलचित्र विकास बोर्डले हालै आयोजना गरेको राष्ट्रिय चलचित्र पुरस्कार तथा सम्मान समारोहमा सुदर्शनले यी सम्मान र पुरस्कार पाएका हुन् । राष्ट्रपतिको हातबाट सम्मान र पुरस्कार पाउनु आफ्नो लागि गर्वको क्षण रहेको उनले बताए ।

'यो सम्मान र पुरस्कारले मलाई नेपाली फिल्म प्रति थप जिम्मेवार बनाएको छ', उनले भने, 'यसलाई मैले राज्यले मलाई सम्झिएको ठानेको छु ।'



सन् २००९ मा फिल्म 'मेरो एउटा साथी छ'बाट निर्देशनमा पाइला चालेका सुदर्शनले त्यसयता फिल्मी करियरमा कहिल्यै पछाडि फर्किएनन् । यो फिल्मबाट उनले अभिनेता आर्यन सिग्देल र अभिनेत्री नम्रता श्रेष्ठको जोडीलाई नेपाली फिल्ममा स्थापित गराए । उनले यो फिल्मबाट नै नवनिर्देशक विधामा 'नेफ्टा अवार्ड' र 'बक्सअफिस अवार्ड' पोल्टामा पारे ।

सुदर्शनले 'मेरो एउटा साथी छ' पछि २०१६ मा 'प्रेमगीत', २०१७ मा 'म यस्तो गीत गाउँछु' र २०१८ मा 'रामकहानी' तथा पछिल्लो पटक 'म यस्तो गीत गाउँछु २'जस्ता सफल फिल्म बनाएर आफूलाई प्रेमकथाको अब्बल निर्देशकका रूपमा स्थापित गराए । उनले जापानमा आयोजना भएको 'सुर्य इन्टरनेशनल अवार्ड'मा फिल्म 'म यस्तो गीत गाउँछु'बाट 'उत्कृष्ट निर्देशक' अवार्ड चुमे । उनले सन् २०१२मा प्रेमकथा भन्दा फरक कथाको फिल्म 'धन्दा' निर्देशन गरेर 'नेफ्टा अवार्ड'मा 'उत्कृष्ट निर्देशक'को अवार्ड पाए ।

आर्यन सिग्देल, प्रदीप खड्का, पल शाह, नम्रता श्रेष्ठ, आकाश श्रेष्ठ, पुजा शर्मालाई नेपाली फिल्म उद्योगमा स्थापित गर्ने श्रेय सुदर्शनलाई नै जान्छ ।

यो कुरा अन्य फिल्मकर्मीले नकार्न सक्दैनन् । त्यसकारण पनि उनी महंगो पारिश्रमिक लिएर फिल्म निर्देशन गर्छन् । सुदर्शन यतिबेला आफ्नो होम प्रोडक्सनको नयाँ फिल्म 'रावायण'को तयारीमा छन् ।

# नेपालका तीन चलचित्र बुसानमा

**दोहा–** टोरन्टोमा प्रिमियर हुन गइरहेको चलचित्र 'गाउँ आएको बाटो' दक्षिण कोरियाको बुसान इन्टरनेसनल फिल्म फेस्टिभलमा पनि छनोट भएको छ । चलचित्र विन्डो अन एसियन सिनेमा अन्तर्गत छनौट भएको हो । आमोद राई कार्यकारी निर्माता रहेको फिल्मलाई नविन सुब्बाले निर्देशन गरेका हुन् ।

फिल्ममा दयाहाङ राई र पशुपति राईको मुख्य भूमिका रहेको छ । यसैगरी नेपाल र भारतको निर्माणमा रहेको सौरभ राईको निर्देशन रहेको 'गुराँस' पनि यही श्रेणीमा छनौट भएको हो । 'गुराँस' को भने चेक रिपब्लिकको कार्लोभी भारी इन्टर नेसनल फिल्म फेस्टिभलमा प्रिमियर भएको थियो ।

रामकृष्ण पोखरेलको निर्माण रहेको फिल्मले सो फेस्टिभलमा फिल्मले १० हजार अमेरिकी डलर पुरस्कार राशिको प्रोक्सिमा स्पेसल जुरी अवार्ड जितेको थियो । यसैगरी निरन्जन भेटवालको निर्देशन रहेको लघु चलचित्र 'दि विटनेस ट्री' पनि बुसानमा छनौट भएको छ ।

दक्षिण एसियामा प्रतिष्ठित मानिने बुसानको नयाँ संस्करण अक्टोबर ४ तारिखदेखि १३ तारिखसम्म चल्नेछ । बुसानको यो संस्करण 'बिकज आई हेट कोरिया'को प्रदर्शनसँगै हुनेछ । बुसानले यो पटक हङकङ मुलका अभिनेता चाउ एन फ्याटलाई एसियन फिल्ममेकरको सम्मान दिँदैछ । *-एजेन्सी*



# 'मायावी' बनाउँदै दिवाकर

**काठमाडौं (प्रस)–** चर्चित निर्देशक दिवाकर भट्टराई करिब चार वर्षपछि पुनः निर्देशनमा कमव्याक गर्ने भएका छन् । पछिल्लोपटक फिल्म 'क्याप्टेन' निर्देशन गरेका दिवाकर अब फिल्म 'मायावी'मार्फत निर्देशनमा कमव्याक गर्न लागेका हुन् । निर्देशक भट्टराईले श्रीकृष्ण जन्माष्टमीको अवसर पारेर 'मायावी'को घोषणा गरेका हुन् । फिल्ममा भट्टराई स्वयंको कथा रहनेछ । निर्देशक भट्टराईले प्रेमकथाको फिल्ममा तीन 'नायक' र दुई 'नायिका' रहने बताए ।

फिल्ममा दुई नायिकामध्ये यसअघि नै नायिका दीपिका प्रसाई फाइनल भइसकेकी छन् । फिल्म 'ऐश्वर्या' पछि दिवाकर र दीपिकाको यो दोस्रो सहकार्य हो । फिल्मका अन्य कलाकार र प्राविधिक चाँडै सार्वजनिक गरिने निर्देशक भट्टराईले जानकारी दिए ।

क्रिएटिभ सिने आर्टस्ले निर्माण गर्न लागेको फिल्ममा एसडी योगीको संगीत, राम थापा अविरलको गीत रहनेछ । फिल्म असोज २ गतेबाट फ्लोरमा जानेछ ।




दिवाकरले फिल्म 'मेरो जीवन साथी', 'स्टुपिड मन', 'ड्रिम्स', 'ऐश्वर्य' र 'क्याप्टेन' निर्देशन गरिसकेका छन् ।

## रंगशाला

# भारतका सराभनन बने मिस्टर एसिया




■ प्रभाव संवाददाता

**काठमाडौं–** ५५ औं एशियन शारीरिक सुगठन तथा फिजिक्स स्पोर्टस् च्याम्पियनसिप अन्तरगतको मिष्टर एसियाको उपाधी भारतका सराभनन मनीले हात पारेका छन् ।

आफ्ना दश प्रतिस्पर्धीलाई पछि पार्दै मनीले उपाधी जितेका हुन् । शारीरिक सुगठन तर्फको विभिन्न दश तौल समूहका विजयीहरूका विच भएको मि.एसियाको प्रतिस्पर्धामा मनीले ट्रफी उचालेका हुन् । उनी ९० केजी तौल समूमा विजयी हुँदै ओभरअल राउण्डमा प्रवेश गरेका थिए ।

एशियन शारीरिक सुगठन तथा फिजिक्स स्पोर्टस् फेडेरेसनको आयोजना तथा नेपाल शारीरिक सुगठन तथा फिट्नेस महासंघको व्यवस्थापनमा भएको स्पर्धामा पुरुष तर्फ नेपालले कुल २६० अंक हासिल गर्दै टिम च्याम्पियनसिपमा तृतीय हुन सफल भएको छ । पुरुष तर्फ भारत ७९५ अंकका साथ पहिलो र थाईल्याण्डले ५९० अंकका साथ तेश्रो स्थान प्राप्त गऱ्यो । महिला तर्फ थाईल्याण्डले टिम च्याम्पियनसिपको उपाधी उचाल्यो । दोश्रो स्थानमा भियतनाम र तेश्रो स्थानमा हङ्गकङ्ग चाईना रह्यो ।

आज सम्पन्न पुरुष एथलेट फिजिक् १८२ सेमी नेपालका विप्लभ कार्कीले कास्य पदक प्राप्त गरे । यस विधामा पहिलो स्थानमा भारतका रामा सोमाशेखरले स्वर्ण र भुटानका टान्डिन वाङ्चेनले रजत प्राप्त गरे ।

नेपालले यस च्याम्पियनसिपमा ३ स्वर्ण ६ रजत र ५ कास्य पदक प्राप्त गर्न सफल भएको छ । बिशाल पौडेलले जुनियर शारीरिक सुगठन, सनम मुलगुठीले स्विम सुट विधा, रनजी श्रेष्ठ ५५ केजी शारीरिक सुगठनले स्वर्ण जिते । सुरेश दुवाल ५५ केजी, अशिम बाबु गरुङ्गे ६० केजी, मनोज सुवेदी ६५ केजी, ललित धिमाल ७५ केजी, राजुराई फिटनेश फिजिक विधा, तारा खैजु मोडल फिजिक्सले रजत पदक प्राप्त गरेका थिए । कमल भण्डारी ६० केजी, कृष्ण प्रसाद श्रेष्ठ ८० केजी, रञ्जित लामा फिटनेश फिजिक्स, बिप्लभ कार्की एथलेटिक्स फिजिक, निहाल मान जोशी एथलेटिक्स फिजिकमा कास्य पदक प्राप्त गरेका थिए ।

च्याम्पियनसिपमा १७ राष्ट्रका १६८ पुरुष र ६८ महिला गरि २३६ खेलाडीहरूले विभिन्न ४५ विधामा प्रतिस्पर्धा गरेका थिए ।

शारीरिक सुगठनको प्रतियोगितामा पहिलो पटक ठुलो प्रतियोगिताको रूपमा रहेको च्याम्पियनसिपमा नेपाल सहित भुटान, चीन, हङ्गकङ्ग चाईना, भारत, काजाखस्तान, मकाउ चाईना, मालदिभ्स, मलेसिया, म्यानमार, सिंगापुर, दक्षिण कोरिया, श्रीलंका, थाईल्याण्ड, ताजाकिस्तान, उज्वेकिस्तान र भियतनामको सहभागिता थियो । दरवारमार्गस्थित याक एण्ड यती होटलको रिगल बाल रुममा भएको च्याम्पियनसिपमा पुरुष तर्फ २८, महिला तर्फ १६ र मिक्स १ गरि ४५ विधामा प्रतिस्पर्धा भएको थियो ।

# फर्कियो नेपाली क्रिकेट टिम

■ प्रभाव संवाददाता

**काठमाडौं–** एसिया कपमा सहभागी भएर नेपाली राष्ट्रिय क्रिकेट टिम बुधबार स्वदेश फर्किएको छ । टोलीलाई नेपाल क्रिकेट संघ (क्यान) तथा क्रिकेट समर्थकहरूले भव्य स्वागत गरेका छन् ।

एसिया कप क्रिकेटका लागि नेपाली टोली पाकिस्तानको कराँची गएको थियो । कराँचीमा अन्तिम तयारी गरेपछि टोली पाकिस्तानसँग खेल्न मुल्तान गएको थियो ।

नेपालले मुल्तानमा १६ औं संस्करणको एसिया कपको उद्घाटन खेल खेलेको थियो । उद्घाटन खेलमा नेपाल पाकिस्तानसँग पराजित भएको थियो ।

एसिया कपको दोस्रो खेलका लागि टोली श्रीलंका पुगेको थियो । श्रीलंकाको क्यान्डीमा सोमबार नेपालले भारतसँग खेलेको थियो । भारतसँग पराजित भएसँगै नेपाल समूह चरणबाट बाहिरिएको थियो ।



# भारतसँग हार्दै नेपाल बाहिरियो

**काठमाडौं (प्रस)–** नेपाल साफ यू-१६ च्याम्पियनसिपको दोस्रो खेलमा भारतसँग पराजित हुँदै प्रतियोगिताबाट बाहिरिएको छ ।

भारतसँग १-० को अन्तरले पराजित नेपाल प्रतियोगितामा लगातार दोस्रो हार व्यहोर्दै बाहिरिएको हो । भारतको जितमामोहम्मद अर्बाशले खेलको ३३ औं मिनेटमा गरेका थिए । उनले विशाल यादवको पासमा बक्स भित्रबाट गोल गरेका थिए ।

पहिलो खेलमा नेपालले बंगलादेशसँग १-० को हार बेहोरेको थियो । नेपालको प्रतियोगिता गोल विहीन रहँदै सकियो । नेपालको समूहबाट भारत ६ अंकका साथ समूह विजेता बन्दै सेमिफाइनलमा प्रवेश गरेको छ । नेपाललाई हराएको बंगलादेश तीन अंक सहित दोस्रो स्थानमा रहँदै अन्तिम चारमा आफ्नो स्थान पक्का गऱ्यो ।

# श्रीकृष्ण कप : क्वाटरफाइनल समीकरण पूरा

■ प्रभाव संवाददाता

**सिन्धुपाल्चोक–** चौतारा फुटबल क्लबको आयोजनामा गत सोमबारबाट सुरु भएको पहिलो संस्करणको सेभेन ए साइड श्रीकृष्ण कप नकआउट फुटबलको क्वाटरफाइनल समिकरण पूरा भएको छ ।

बुधबार ६ खेल भएसँगै क्वाटरफाइनल समिकरण पूरा भएको हो । तेस्रो दिनको पहिलो खेलमा सुकेटेबीच गाइज्जले क्रेटिभ युथ क्लबलाई २-० गोलले पराजित गर्दै क्वाटफाइनलमा प्रवेश गरेको छ । दोस्रो खेलमा माहाङकाल भुमि तामाङ समाजले रेटिना इन्जिनियरिङ्लाई १-० गोलले पराजित गऱ्यो । तेस्रो खेलमा लिल्फुङ घले समाजले ह्यारे युथ क्ललाई २-१ गोलले पराजित गरेको थियो । चौथो खेलमा खुदुनाबारी स्पोर्टिङले पिवाई ब्वाइजलाई ३-१ गोल अन्तरले पराजित गऱ्यो । पाँचौं खेलमा धार्पा युथ क्लबले बोड गाँउ फुटबल क्लबलाई १-० गोलले पराजित गऱ्यो । त्यस्तै दिनको अन्तिम रोयल बतासेले चौतारा टाइगरलाई २-० गोलले पराजित गर्दै क्वाटफाइनलमा प्रवेश गरेको छ । क्वाटरफाइनलको चार खेल बिहिवार हुनेछ भने सेमिफाइनल र फाइनल खेल शुक्रबार हुनेछ ।



जारी प्रतियोगिता सिन्धुपाल्चोक जिल्लाको सदरमुकाम चौतारा टुँडिखेलस्थित मिनि रंगशालामा आगामी २२ गतेसम्म सञ्चालन हुनेछ । २५ टोली सहभागी रहेको यस प्रतियोगिताको विजेता नगद ५५ हजार, उपविजेता २५ हाजर ट्रफी मेडल प्राप्त गर्ने छ ।

# सुचीलाई स्वास्थ्य सेवाबाट वञ्चित गरिएको आरोप

**लण्डन–** सैनिक हिरासतमा रहेकी म्यान्माकी प्रजातन्त्रवादी नेतृ आङ सान सुचीलाई स्वास्थ्य सेवाबाट वञ्चित गरिएको आरोप उनका कान्छा छोराले लगाएका छन् ।

दाँतको गम्भीर समस्याबाट पीडित ७८ वर्षीया नेतृलाई आपत्कालीन स्वास्थ्य सेवाबाट वञ्चित गरिएको उनका छोरा किम एरिसले बताएका हुन् । बिरामी आमालाई स्वास्थ्य सेवा उपलब्ध गराउन सैन्य सरकारसमक्ष कारागारका अधिकारीहरूले गरेको अनुरोधलाई सैनिक नेतृत्वले रोकेको किमले बताए ।

दाँत र गिजाको गम्भीर समस्याका कारण आफ्नी आमा केही दिनदेखि अस्वस्थ भई खानसक्ने अवस्थामा पुगेको उनले बिबिसी वर्मेली सेवालाई बताए । उनी न्यून रक्तचापबाट पनि पीडित छिन् । कारागार स्रोतले पनि नेतृ सुची भोजन गर्न असमर्थ भएकी बताएको छ । यद्यपि एक सैन्य प्रवक्ताले उनको स्वास्थ्यमा समस्या नभएको तथा सैनिक एवं गैरसैनिक चिकित्सकहरूबाट नियमित रूपमा स्वास्थ्य परीक्षण एवं उपचार भइरहेको दाबी गरेका छन् । उनको दाँतको दुखाई कम गर्ने उद्देश्यले नरम खाना र औषधियुक्त जेली खुवाइएको बताइएको छ ।

सन् २०२१ को फेब्रुअरीमा सैन्य विद्रोहपछि सत्ताच्युत गरिएकी नेतृ सुचीलाई सोही समयदेखि हिरासतमा राखिएको छ । सैनिक शासनको विरोधसँगै म्यान्मा गृहयुद्धमा प्रवेश गरेपछि हजारौंले ज्यान गुमाएका छन् । यो हिंसाका घटना बढिरहेका छन् । गत जुलाईमा उनलाई राजधानी नेपीट जेलबाट नजरबन्दमा सारिएको थियो तर नोबेल पुरस्कारबाट सम्मानित सुचीलाई कहाँ राखिएको छ भन्ने स्पष्ट छैन ।

बेलायतमा बस्दै आएका एरिसले आफ्नी आमाले वान्ता गरिरहेकी र मुर्छापर्ने गरेको जनाउँदै उपयुक्त चिकित्सा सेवाबाट बिरामीलाई वञ्चित गर्नु क्रूरताको पराकाष्ठा भएको टिप्पणी गरेका छन् । उनले आमाको बिग्रँदो स्वास्थ्यले जीवन नै जोखिममा पर्नसक्ने भन्दै चिन्ता व्यक्त गरेका छन् ।

देशका सबै राजनीतिक दलहरूको गठबन्धन सम्मिलित म्यान्माको निर्वासित राष्ट्रिय एकता सरकारले अन्तर्राष्ट्रिय समुदायलाई नेतृ सुचीजस्ता राजनीतिक बन्दीहरूलाई उचित उपचार सेवा उपलब्ध गराउन सैनिक शासकलाई दबाब दिन आग्रह गरेको छ ।

धेरै विश्वका धेरै नेताले पनि उनको निःशर्त रिहा गर्न माग गरेका छन् । साथै उनीहरूले पक्राउ गरिएका विपक्षीलगायत सबैलाई हिरासतमुक्त गर्न आह्वान गरेका छन् । मंगलबार इन्डोनेसियाको राजधानी जकार्तामा सुरु भएको दक्षिणपूर्वी एसियाली राष्ट्रहरूको संगठन (आसियान) को द्विवार्षिक शिखर सम्मेलनमा म्यान्माको राजनीतिक संकटलाई लिएर गम्भीर चिन्ता व्यक्त गरिएको थियो ।

आसियान नेताहरूले त्यहाँ जारी हिंसाका लागि म्यान्माका सैन्य अधिकारी जिम्मेवार रहेको भन्दै उनीहरूको निन्दा गरेका थिए । प्रजातान्त्रिक सरकारलाई अपदस्थ गरेपछि शिखर सम्मेलनमा म्यान्मालाई आमन्त्रित नगरेको यो दोस्रो वर्ष हो । अघिल्लो वर्ष पनि म्यान्मालाई आमन्त्रण गरिएको थिएन । मंगलबारको बैठकमा आसिन नेताहरूले म्यान्मा संकट समाधानका निम्ति गत वर्ष सैन्य सरकारलाई दिइएको पाँचबुँदे मार्गचित्र कार्यान्वयन नगरेमा त्यसको पनि आलोचना गरेका थिए । *रासस/एपी*

# अस्ट्रेलियामाथि लगाइएको चौपाया निर्यात प्रतिबन्ध हट्यो

**क्वालालम्पुर–** मलेसियाले अस्ट्रेलियामाथि लगाएको चौपाया निर्यात प्रतिबन्ध हटाएको छ । उक्त देशबाट आयात गरिएका गाईभैंसीमा छाला रोग (एलएसडी) लागेको इन्डोनेसियाले पत्ता लगाएपछि मलेसियाले पनि अस्थायी प्रतिबन्ध लगाएको थियो ।

पशु स्वास्थ्यकर्मीहरूका अनुसार एलएसडी एक संक्रामक भाइरल रोग हो जसले दूध उत्पादनमा कमी, अस्थायी वा स्थायी रूपमा बाँझपन हुनाका साथै कहिलेकाहीँ गाईवस्तुको मृत्युसमेत हुनसक्ने तर मानिसलाई कुनै जोखिम नहुने बताएका छन् ।

मलेसियाले सावधानी अपनाउने क्रममा जारी गरेको प्रतिबन्ध बुधबारदेखि हटाइएको भेटेनरी सेवा विभागले एक विज्ञप्ति निकालेर बताएको छ । अस्ट्रेलियाको कृषि, मत्स्यपालन तथा वन विभागसँग दुई चरणमा प्राविधिक छलफल गरेपछि आयात प्रतिबन्ध हटाउने निर्णय भएको विज्ञप्तिमा जनाइएको छ । इन्डोनेसियाका अधिकारीहरूले पहिले नै १३ वटा चौपायामा एलएसडी लागेको जनाउँदै चार स्थानबाट आयात रोकेका थिए ।

अस्ट्रेलियाका भेटेरिनरी प्रमुख मार्क सिपले आफ्नो देशका गाईवस्तुमा एलएसडी लागेको खबर सत्य नभएको दाबी गर्दै त्यसलाई अस्वीकार गरेका छन् । साथै उनले उक्त रोगबाट अस्ट्रेलिया मुक्त रहेको बताएका छन् । मलेसियाले अस्ट्रेलियाबाट बर्सेनि करिब ५५ लाख डलर बराबरको गाईभैंसी आयात गर्दै आएको छ । आयात प्रतिबन्ध हटाइएको निर्णयले उद्योग र सबै मलेसियालीहरूलाई राहत मिल्ने विश्वास मलेसियाली भेटेनरी सेवा विभागले व्यक्त गरेको छ ।

अस्ट्रेलियाबाट सबैभन्दा धेरै गाईवस्तु आयात गर्ने देश इन्डोनेसिया हो । गत वर्ष इन्डोनेसियाले अस्ट्रेलियाबाट तीन लाखभन्दा बढी गाई आयात गरेको थियो भने यो वर्ष एक लाख ५३ हजार चौपाया खरिद गरिएको इन्डोनेसियाका अधिकारीहरूले बताएका छन् । *रासस/एएफपी*


## ZERO COST Recruitment Opportunity For Saudi Arabia!!
## शुन्य लागत अन्तर्गत साउदीमा वैदेशिक रोजगारको अवसर ।

कम्पनी : MAJID GARDENS TRADING EST

पूर्व स्वीकृति मिति २०८०/०५/१९ LT. No. 292017 चलानी नं ६०२०७२९९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 3 | 0 | 1000 | ३५,५०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ २८ गते (14th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**MAHAD MANPOWER PVT. LTD.**

श्रम ईजाजत नं. ९८१/०६७/०६८

Tinkune, Kathmandu, Nepal Tel No: +977-1-4112456/ 411 2457

Email Id: info@mahadmanpower.com.np, Web: mahadmanpower.com.np, Job Portal: mahadjobs.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : TEX APPAREL SDN BHD.

पूर्व स्वीकृति मिति २०७९/०४/२६ पुन विज्ञापन स्वीकृति मिति २०८०/०५/२० LT. No. 269174 चलानी नं. ६०१८५२११

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Operator | 5 | 0 | 1500 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ २८ गते (14th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहचलमा सम्पर्क राख्नुहोला ।

**KINGFISHER OVERSEAS PVT.LTD**

श्रम ईजाजत नं. १४३५/०७४/७५

Gairigaun 9 Tinkune, Kathmandu,Nepal.

Contact no.:+977-014112437/014112160, Email: kingfisheroverseasnepal@gmail.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : JOUD AL QIMMA READY MIX CONCRETE FACTORY

पूर्व स्वीकृति मिति २०७९/03/02 पुन विज्ञापन स्वीकृति मिति २०८०/०५/२० LT. No. 264891 चलानी नं. ६०१८११६०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Maintenance Mechanic Assistant. | 1 | 0 | 1200 | ४२,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Truck Driver | 3 | 0 | 1800 | ६३,९०० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ २८ गते (14th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Kapeel Manpower Pvt. Ltd.**

श्रम ईजाजत नं. १८५/०५७/०५८

P.O. Box: 8975, Kupandole, Lalitpur, Nepal

Tel: 01-5451901, Fax: 977-1-5542407

Mobile: 9851324457, 9823299605 E-mail: kapeelmanpowerpvtltd@gmail.com

Website: www.kapeelmanpower.com.np



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MUEEN HUMAN RESOURCES COMPANY

पुर्व स्वीकृति मिति २०७९/ ११ /२९ पुनः विज्ञापन स्वीकृति मिति २०८०/०५ /१९ LT. No. 282542 चलानी नं. ६०२०३१८१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 44 | 0 | 1000 | ३५,५०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भाद्र २७ गते (13th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहचलमा सम्पर्क राख्नुहोला ।

यो विज्ञापन LT No. 282542 मिति: २०८०/०५/२० मा म्यानपावर Ishan Overseas Pvt. Ltd. बाट प्रकाशित हुनुपर्नेमा भूलबस अन्यथा हुन गएकोले आज प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।

**Ishan Overseas Pvt. Ltd.**

श्रम ईजाजत नं. ५३२/२०६१/०६२

Samakhusi , Kathmandu, Nepal, Tel: 01-4380272 / 4380273 Fax : +977-1-5547945, E-mail : maniishannepal@gmail.com



## युएइमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ALIGN ON DEMAND LABORS SUPPLY SERVICES L.L.C

पूर्व स्वीकृति मिति : २०८०/०५/१९ LT No. 292130 चलानी नं ६०२०७२८६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | cleaner | 50 | 0 | 900 | ३२५८६ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | packer | 50 | 0 | 900 | ३२५८६ | | | | | | | |
| 3 | ticket collector | 70 | 70 | 1400 | ५०६९० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ २८ गते (14th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

यस विज्ञापन, LT No. 292130 मिति: २०८०/०५/२१ मा प्रकाशित हुनुपर्नेमा विविध कारणले भूलबस मिति: २०८०/०५/२० मा प्रकाशित हुन गएकोले मिति: २०८०/०५/२१ को सूचनालाई आधार मानिदिनुहुन अनुरोध गरिन्छ ।

**Dubai Overseas International Pvt. Ltd.**

श्रम ईजाजत नं. ७५१/०६४/०६५

Maharajgunj-3, Kathmandu, Nepal Tel No:+977-15905763/015905351

Fax No: +977-4383351, Mobile: 984-5642103, Email Id: dubaioverseas2016@gmail.com



## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : CLASSY PROJECT MANAGEMENT SDN BHD

पूर्व स्वीकृति मिति २०७९/१२/१२ पुन विज्ञापन स्वीकृति मिति २०८०/०५/२० LT. No. 283191 चलानी नं. ६०१८१८१२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 20 | 0 | 1500 | ४४,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ २८ गते (14th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**DREAMLAND MANAGEMENT PVT.LTD.**

(FIRDOSH INTERNATIONAL OVERSEAS COMPANY PVT. LTD.)

Samakhusi-29, Kathmandu, Nepal (सामाखुसी स्वीमिङ पुल अगाडि).

Tel: +977-1-4365939 4382814 Fax: +977-1-4384392

Email: firdoshinternational@gmail.com, Website: www.fiocnepal.com

Govt. License 776/065/066



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NOJOUD KHADER MUHAMMAD AL-ATWI RESTAURANTS TO PROVIDE MEALS

पूर्व स्वीकृति मिति: २०८०/०५/१९ LT No. 292048 चलानी नं.६०२०७३०७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Fruit and Vegetable Preservation Labour | 1 | 0 | 1200 | ४२,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ २८ गते (14th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Al Faraz International Overseas Pvt. Ltd**

Budhanilkantha-9, Kathmandu, BAGMATI, Contact: 9847416116

Email: hiringalfaraz@outlook.com

Govt. License 1553/079/80



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : RUKN TALA GLASS COMPANY.

पूर्व स्वीकृति मिति २०८०/०५/२० LT. No. 292167 चलानी नं.६०२०७३१०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Workshop Labor | 2 | 0 | 1000 | ३५,५०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ २८ गते (14th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धव्यितवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**ARANIKO OVERSEAS PVT. LTD.**

श्रम ईजाजत नं. 267/058/059

Kupondole (Opposite to Hotel Himalaya)

Kathmandu, Nepal.Tel: +977 1 5455365/5010657/5010658,Email: infoaraniko267@gmail.com



## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल – बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी– गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी– विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१–४२७६५३०, फ्याक्सः०१–४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१–४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट –९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१– ४२२४१८१, ०१– ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

| आजको मूल्य | छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|---|
| | प्रति तोला – ११२४०० | प्रति तोला – १११८५० | प्रति तोला – १४३० |



**हावाहुरीले मकैबालीमा क्षति** | हावाहुरीले भेरी नगरपालिका–११ जगतीपुरमा लगाएको मकैबाली क्षति पुऱ्याएपछि किसानहरू समस्यामा । यहाँको मुख्यबाली नै मकै हो । *तस्बिरः हेमन्त केसी/रासस*

# एकैपटक ५१ 'चार्जिङ स्टेसन' सञ्चालनमा

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल विद्युत् प्राधिकरणले मुलुकका विभिन्न स्थानमा निर्माण गरेको ५१ विद्युतीय सवारी साधनको अत्याधुनिक द्रुत गतिको चार्जिङ स्टेसनको उद्घाटन गरिएको छ । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेत र सचिव दिनेशकुमार घिमिरेले संयुक्त रूपमा काठमाडौंको नेपाल पुलिस क्लब भृकुटीमण्डपमा स्थापना गरिएको द्रुत गतिको चार्जिङ स्टेसनका शुभारम्भ गरे ।

प्राधिकरणको लगानी र एसियाली विकास बैंकको सहुलियतपूर्ण ऋण तथा नर्वे सरकारको प्राविधिक सहयोगमा विद्युतीय सवारी चार्जिङ पूर्वाधार विकास आयोजनाअन्तर्गत सात प्रदेशका मुख्य राजमार्ग, बसपार्क र ठूला सहरमा ५१ वटा विद्युतीय सवारी साधन छिटो चार्ज गर्न मिल्ने चार्जिङ स्टेसन निर्माण गरिएको हो । करिब रु ४० करोड लागतमा निर्माण गरिएका चार्जिङ स्टेसनमध्ये २६ वटामा ठूला बस, माइक्रो, ट्रक, पिकअप तथा कार र २५ वटामा सानाठूला कारहरू चार्ज गर्न मिल्नेछन् ।

उद्घाटन कार्यक्रममा मन्त्री बस्नेतले ५१ वटा चार्जिङ स्टेसन सञ्चालनमा आउनु विद्युतीय सवारी साधनको यात्रा हरित, स्वच्छ ऊर्जा खपतमार्फत कार्बन उत्सर्जन तथा जलवायु परिवर्तनका प्रभाव न्यूनीकरणमार्फत देशको दिगो विकासमा महत्वपूर्ण पाइला भएको बताए । विद्युतीय सवारी साधानको प्रवर्द्धनमा नीतिगत तथा कानुनी व्यवस्थाका लागि सरकारले काम गरिरहेको उल्लेख गर्दै बस्नेतले विद्युतीय गाडी नेपालमै उत्पादन गर्नका लागि लगानीकर्तालाई आकर्षित गर्न कार्य भइरहेको बताए ।

आन्तरिक रूपमा विद्युत् खपत बढाउने महत्वपूर्ण क्षेत्र यातायात भएको उल्लेख गर्दै ऊर्जा सचिव घिमिरेले विद्युतीय सवारी साधनको प्रयोगले प्रतिव्यक्ति ऊर्जा खपत बढाउन सहयोग पुग्ने बताए । प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले विद्युतीय सवारी साधनको प्रयोगलाई प्रवर्द्धन गर्न चार्जिङ स्टेसन स्थापना गरिएको बताए ।



विद्युतीय सवारी साधन पेट्रोलियम पदार्थबाट चल्नेभन्दा १५/२० गुणा सस्तो पर्ने उल्लेख गर्दै घिसिङले यसबाट देशको वैदेशिक मुद्रा सञ्चितिमा पनि सकारात्मक योगदान पुग्ने बताए । उनले प्राधिकरणले देशभर थप पाँच सयवटा चार्जिङ स्टेसन स्थापना गर्न लागेको उल्लेख गरे । एसियाली विकास बैंककी दक्षिण एसिया ऊर्जा महाशाखा प्रमुख सुजाता गुप्ताले कार्बन उत्सर्जन घटाउने यातायात महत्वपूर्ण क्षेत्र भएकाले विद्युतीय सवारी साधनको प्रयोगलाई प्रोत्साहन गर्ने पूर्वाधार निर्माणमा जोड दिए ।

चार्ज गर्दा कारमा औसत ७० पैसा, एसयुभीमा ८० पैसा, माइक्रोबसमा ९० पैसा र बसमा एक रूपैयाँ २० पैसा प्रतिकिलोमिटर खर्च लाग्नेछ । नेपालमा उपलब्ध सवारी साधनहरूमा रहेको ब्याट्री क्षमताअनुसार कम्तीमा आधा घण्टादेखि १ घण्टासम्ममा चार्ज पूर्ण हुन सक्छ ।

आन्तरिक रूपमा विद्युत्को खपत बढाउन, पेट्रोलियम पदार्थको खपत कम गरी आयात घटाउन र विद्युतीय सवारी साधन प्रयोगमार्फत वातावरण मैत्री यातायात प्रणालीको विकासका चार्जिङ स्टेसन स्थापना गरिएको हो ।

हरेक चार्जिङ स्टेसनमा एक सय ४२ किलोवाट क्षमताको चार्जर, त्यसमा विद्युत् आपूर्तिका लागि ५० केभिएको ट्रान्सफर्मर, अनलाइन बिलिङ प्रणालीको जडान गरिएको छ । चार्जिङ स्टेसनमा छिटो चार्ज गर्न मिल्ने ६०/६० किलोवाटका डिसी र २२ किलोवाटका एसी चार्जर राखिएका छन् । यसबाट ठूला बससहित तीनवटा सवारी साधनले एक साथ चार्ज गर्न सकिनेछ । चार्जिङ स्टेसन निर्माण आपूर्ति, जडान, परीक्षण, सञ्चालन र मर्मतसम्भारका लागि वाङवाङ डिजिटल इनर्जी कर्पोरेसन लिमिटेड, जियाङ्सु, चीनसँग रु ३७ करोड ७९ लाख ५५ हजार मा (करबाहेक) ठेक्का सम्झौता भएको थियो ।

सञ्चालनमा आएको ५ वर्षसम्म चार्जिङ स्टेसनको मर्मतसम्भार ठेकेदार कम्पनीले नै गर्ने छ । तीन सयभन्दा बढी चार्जरलाई सेवा दिन सक्ने गरी प्राधिकरणको डाटा सेन्टरमा चार्जिङ स्टेसनको सफ्टवेयर राखिने छ । ५१ वटै स्टेसनको कन्ट्रोल काठमाडौंबाट हुनेछ । सवारी साधनको चार्ज गरिसकेपछि ग्राहकले क्युआर कोड र मोबाइल एपमार्फत बिलको भुक्तानी गर्न सक्नेछन् । प्राधिकरणका अनुसार धादिङको धार्केमा दुई, चितवन मुग्लिन र पार बसपार्कमा एक/एकमा एक, काठमाडौंमा चारलगायत देशैभर द्रुतगतिको चार्जिङ स्टेसन सञ्चालनमा आएको छ । प्राधिकरणले निकट भविष्यमा नै थप ११ त्यस्ता स्टेसन निर्माण गरिरहेको छ ।

## धितोपत्र कारोबारका लागि थपिए ११ कम्पनी

**काठमाडौं (प्रस)–** नेपाल स्टक एक्सचेन्ज लिमिटेडले थप ११ व्यवसायीलाई धितोपत्र कारोबार सदस्यता दिएको छ । सीमित कार्य गर्ने धितोपत्र दलालका रूपमा यी कम्पनीलाई स्टक एक्सचेन्जले अनुमति दिएको हो ।

नयाँ सदस्यता पाउने कम्पनीमा गरिमा सेक्युरिटिज लिमिटेड, पाही इन्भेष्टमेन्ट प्रालि, इन्दिरा सेक्युरिटिज प्रालि, आकाशभैरव सेक्युरिटिज लिमिटेड, एनएमबी सेक्युरिटिज लिमिटेड र सानिमा सेक्युरिटिज लिमिटेड रहेका छन् । त्यस्तै मिल्की वे शेयर ब्रोकर कम्पनी लिमिटेड, क्यापिटल हब प्रालि, स्टक्स्कार्टस सेक्युरिटिज लिमिटेड, एसपीएसए सेक्युरिटिज लिमिटेड र ब्लु चिप सेक्युरिटिज लिमिटेडले अनुमति पाएका छन् । हालसम्म धितोपत्र दलालका रूपमा ६७ वटा कम्पनीले काम गरिरहेकामा अब थप ११ वटा व्यवसायी थपिएका छन् ।

## उद्यमीलाई सहयोग गर्न सरकार तत्पर छ : *मन्त्री रिजाल*

■ प्रभाव संवाददाता

**पाटन–** उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री रमेश रिजालले उद्यमीलाई हरसम्भव उत्प्रेरित गर्दै सहयोग गर्न सरकार तत्पर रहेको बताएका छन् ।

साना तथा मझौला व्यवसायी महासङ्घ नेपालले महिलाको महान पर्व तीजको अवसर पारेर ललितपुरमा आयोजना गरेको 'महिला उद्यमी मेला'को बुधबार उद्घाटन गर्दै मन्त्री रिजालले उद्यमीहरूको मेहनतका कारण मुलुक समृद्धितर्फ जाने बताए । उनले उद्यमीलाई सहयोग गर्नु सरकारको पहिलो कर्तव्य भएको बताए ।

'नयाँ योजना र विचारका साथ मुलुकलाई समृद्धिको दिशामा लैजानुपर्छ भन्नेमा सरकार प्रतिबद्ध छ', मन्त्री रिजालले भने, 'उद्यमीहरूको मेहनतका कारण मुलुक समृद्धितर्फ जाने भएकाले सरकार उद्यमीलाई हरसम्भव सहयोग गर्न तत्पर छ ।'

कार्यक्रममा हस्तकला महसङ्घका पूर्वध्यक्ष तथा ललितकला प्रज्ञाप्रतिष्ठानका प्राज्ञ धर्मरत्न शाक्यले महिलाले उत्पादन गरेका हरेक उत्पादनलाई स्थानीय तथा विश्व बजारमा पुऱ्याउने गरी नीति निर्माण गर्न सरकारलाई आग्रह गरे ।

महासङ्घले बुधबारदेखि आयोजना गरेको मेला पाँच दिनसम्म सञ्चालन हुने मेला आयोजक समितिकी संयोजक यशोदा दहालले जानकारी दिए । मेलामा सातदोबाटोस्थित उद्यमी घरका पाँच स्टलसमेत रहेको घरका सञ्चालक दीपक कार्कीले जानकारी दिए ।

# धान, मकै र गहुँको उत्पादन बढ्यो

**गण्डकी–** गण्डकी प्रदेशमा मुख्य खाद्यान्न बाली मानिएका धान, मकै र गहुँको उत्पादकत्व वृद्धि भएको छ । प्रदेशको भूमि व्यवस्था तथा कृषि मन्त्रालयका अनुसार आव २०७८/७९ मा धानमा तीन दशमलव ४३, मकैमा दश दशमलव २२ र गहुँमा सात दशमलव ९२ प्रतिशतले उत्पादकत्व बढेको हो ।

आव २०७७/७८ मा प्रतिहेक्टर ३.५ मेट्रिक टन धान उत्पादन भएकामा आव २०७८/७९ मा बढेर ३.६२ मेट्रिक टन पुगेको हो । आव २०७७/७८ मा प्रतिहेक्टर २.७४ मेट्रिक टन मकै उत्पादन भएकामा पछिल्लो वर्ष ३.२ मेट्रिक टन उत्पादन भएको मन्त्रालयले जनाएको छ ।

पछिल्ला दुई आवमा गहुँको उत्पादकत्व पनि बढेर प्रतिहेक्टरमा २.४ बाट २.५९ मेट्रिक टन पुगेको प्रदेश कृषि विकास निर्देशनालयका प्रमुख वासुदेव रेग्मीले जानकारी दिए । उनका अनुसार सबैभन्दा बढी मकैको उत्पादकत्व वृद्धि भएको पाइएको छ ।

मुख्य खाद्यान्न बालीको उत्पादकत्व प्रतिहेक्टर ३.८ मेट्रिक टन पुऱ्याउने प्रदेशको पहिलो पञ्चवर्षीय योजनाको लक्ष्य रहेको रेग्मीले जानकारी दिए । उनका अनुसार आवधिक योजनाको अन्तिम वर्षमा आइपुग्दा धानमा मात्र उत्पादकत्व लक्ष्यभन्दा केही बढी पुगेको छ ।

नेपालको १५औं योजनाले भने धानमा प्रतिहेक्टर ४.५, मकैमा ४ र गहुँमा ३.५ मेट्रिक टन उत्पादनको लक्ष्य तोकेको छ । गण्डकीमा खाद्यान्न बालीको उत्पादकत्व वृद्धिमा लक्ष्य उन्मुख रहेको रेग्मीले बताए । 'उन्नत जात, बिउबीजन, मलको उपलब्धता, प्रविधिक सहजतालगायत कारणले उत्पादकत्व वृद्धिमा मद्दत पुऱ्याइरहेको हुन्छ', उनले भने, 'किसानलाई सीप र स्रोतसाधन दिन सकियो भने खेतीको उत्पादकत्व बर्सेनि बढ्दै जान्छ । कृषिमा प्रोत्साहनका कार्यक्रम ल्याउनुपर्छ ।'

पोखरा महानगरपालिकाका कृषि महाशाखा प्रमुख मनोहर कडरियाले मौसम, अन्नबालीमा लाग्ने रोगव्याधि आदि कारणले पनि उत्पादकत्वमा असर गर्ने बताए । 'उत्पादकत्वप्रति एकाइ क्षेत्रफलमा मापन हुन्छ, उत्पादत्वक वृद्धि भए पनि समग्र उत्पादन घट्न पनि सक्छ', उनले भने, 'कृषिको उत्पादकत्व बढाउनमा किसानको मुख्य हात हुन्छ, त्यसमा राज्यले सघाउनुपर्छ ।'

किसानलाई समयमै मल, बिउबीजन उपलब्ध गराउने, तालिमका साथै सीप र प्रविधि पनि हस्तान्तरण गर्नुपर्ने प्रमुख कडरियाले धारणा राख्नुभयो । खेतीयोग्य जमिनमा जथाभावी घरघडेरी बनाउने प्रवृत्तिलाई रोक्नुपर्नेमा उहाँले जोड दिए । 'खेती गर्ने जग्गा खुम्चदैँ गएको छ, कतै जग्गा बाँझा छन्', उनले भने, 'उत्पादकत्व र उत्पादन नबढाएसम्म कृषिको व्यवसायीकरण सम्भव छैन ।'

मन्त्रालयको आँकडा अनुसार आलु र तरकारी खेतीमा पनि उत्पादकत्व वृद्धि भएको महाशाखा प्रमुख कडरियाले जानकारी दिए । उनका अनुसार आव २०७७/७८ मा प्रतिहेक्टर १५.५ मेट्रिक टन आलु फलेकोमा पछिल्लो वर्ष बढेर १६.८१ मेट्रिक टन पुगेको छ । जुन अघिल्लो वर्षको तुलनमा आठ दशमलव ४५ प्रतिशतले बढी हो ।

तरकारीमा पनि पछिल्ला दुई वर्षमा १५ दशमलव ८२ प्रतिशतले उत्पादकत्व वृद्धि भएको मन्त्रालयले जनाएको छ । आव २०७७/७८ मा प्रतिहेक्टर ११ मेट्रिक टन तरकारी उत्पादन भएकामा आव २०७८/७९ मा १२.७४ मेट्रिक टन उत्पादन भएको थियो । आलु र तरकारीको उत्पादकत्व वृद्धिले पनि प्रदेशको पञ्चवर्षीय योजनाको लक्ष्यलाई पछ्याइरहेको देखिन्छ । सो योजनामा आलुको उत्पादकत्व प्रतिहेक्टर १९.९ र तरकारीको १५ मेट्रिक टन पुऱ्याइने उल्लेख छ ।

नेपालको १५औँ योजनाले पनि आलुमा प्रतिहेक्टर १९.१ मेट्रिक टनको लक्ष्य तोकेको छ । उत्पादकत्व बढे पनि खाद्यान्न बालीको उत्पादन भने घट्दै गएको महाशाखा प्रमुख कडरियाले बताउनुभयो । उहाँका अनुसार खेतीको क्षेत्रफल घट्दै जाँदा उत्पादन घटेको हो । *रासस*

# चार जिल्लामा टेलिकमको फाइबर लाइन

■ प्रभाव संवाददाता

**धनकुटा–** नेपाल टेलिकम धनकुटा शाखाले सेवा प्रवाह गरिरहेका पूर्वी पहाडका चार जिल्लामा अप्टिकल फाइबरमार्फत् द्रुतगतिको इन्टरनेट विस्तार थालेको छ ।

टेलिकमले धनकुटा, तेह्रथुम, सफ्वासभा र भोजपुरमा जिल्लासम्म एडिएसएसमार्फत क्षमता बढाएर ग्राहकलाई वायरलेश प्रविधिको 'फोर जी' सेवा तथा एफटिटिएच (अप्टिकल फाइबर प्रविधि)बाट द्रुत गतिको इन्टरनेट प्रवाह गर्न थालेको हो । यसअघि टेलकमले एडिएसएसबाट प्रवाह गरेको २० जिबिपिएसबाट एफटिटिएच इन्टर नेटअन्तर्गत कपर वायरबाट पाँच एम विपिएससम्मको इन्टरनेट सेवा तथा जिएसएम (टुजी, थ्रीजी र फोर जी) सेवा विस्तार गर्दै आएको थियो ।

हाल उक्त प्रविधिलाई स्तरोन्नति र जमिनमुनि विछ्याइएको फाइबरमार्फत् जिल्लासम्म एक सय जिविपिएसको मुख्य प्रसारण लाइन पुगेपछि टेलिकमले अप्टिकल फाइबरमार्फत ग्राहकलाई आवश्यकताअनुसारको द्रुत गतिको इन्टरनेट उपलब्ध गराउन थालेको हो ।

सेवाको स्तरोन्नति र विस्तारसँगै अब चार जिल्लाका नागरिकले सीमित इन्टटरनेट चलाउनुपर्ने बाध्यता अन्त्य हुनाका साथै आफूले चाहेको स्पिड (८,२५,८० एमबिपिएस) सम्मको सेवा लिन पाउने भएका छन् । कार्यालयका प्रमुख तथा वरिष्ठ इञ्जिनीयर सुमन आचार्यका अनुसार धनकुटा जिल्लाको हिले बजार, मूलघाट, छथरजोरपाटी गाउँपालिकाको सिन्धुवा बजार, साँगुरीगढी गाउँपालिकाको भेडेटार बजारमा फाइबरमार्फत् इन्टरनेट सेवा विस्तार गरिएको छ । धनकुटाकै पाख्रिबास नगरपालिका र चौबिसे गाउँपालिकामा पनि चालु आर्थिक वर्षमा सेवा सञ्चालनमा आउने उनले जानकारी दिए ।

त्यस्तै सफ्वासभाको खाँदबारी र तुम्लिङटार, धर्मदेवी नगरपालिकाको मुढेशनिश्चरेमा पनि इन्टरनेट विस्तार गरिएको छ । चैनपुर नगरपालिकामा यसै वर्षदेखि काम सुरु गरिनेछ । अहिले सुनसरीको इटहरीबाट धनकुटाको हिले, तेह्रथुमको म्याङलुङ, पाँचथरको फिदिम र झापाको विर्तामोडबाट पुनःइटहरीसम्म एक सय जिबिपिएस इन्टरनेट जडान भइसकेको छ । यसबाट कुनै एक स्थानको फाइबरमा क्षति भए तापनि अर्को रुटबाट सेवा सञ्चालन हुने भएकाले चार जिल्लामा इन्टरनेट सेवा दिगो हुने कार्यालयका प्रमुख आचार्यले जानकारी दिए ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्सप्रेस कलर प्रेस, कार्यालयः काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ